# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क ३९, पूर्णाङ्क १३४ | २०७४ फागुन ३० गते बुधबार | Wednesday, 14 March 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## अखिल क्रान्तिकारीका महासचिव रिहा

■ रातो खबर संवाददाता/काठमाडौं

अनेरास्ववियु (क्रान्तिकारी) का महासचिव दीपेन्द्र चलाउने रिहा भएका छन् । संगठनको राष्ट्रिय सम्मेलनको तयारीकै बेला फागुन ११ गते चलाउनेलाई प्रहरीले काठमाडौंबाट गिरफ्तार गरेको थियो । नेपाल कम्युनिस्ट पार्टीनिकट अखिल क्रान्तिकारीका महासचिव चलाउनेमाथि सार्वजनिक मुद्दा लगाइएको थियो । सर्वोच्च अदालतको आदेशमा प्रहरीले उनलाई १७ दिनपछि सोमबार रिहा गरेको हो । चलाउनेलगायत आफ्नो संगठनका नेता-कार्यकर्तालाई प्रहरीले बिनाकारण पक्राउ गरेको भन्दै अखिल क्रान्तिकारीले अघिल्लो आइतबार एकदिने शैक्षिक हडतालसमेत गरेको थियो । हडतालका कारण देशभरिका शिक्षण-संस्थाहरू ठप्प रहेका थिए । यस्तै नेकपाका धनकुटाको महालक्ष्मी नगरपालिका इन्चार्ज हरि श्रेष्ठ पनि सोमबार रिहा भएका छन् । श्रेष्ठलाई प्रहरीले फागुन ३ गते पक्राउ गरेको थियो । उनलाई धनकुटा जिल्ला अदालतको आदेशमा रिहा गरिएको हो ।

# सबै युवा विद्यार्थी देशको रक्षक बन्नुपर्छ

## हजारौँको सहभागितामा अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलन उद्घाटन

■ रातो खबर संवाददाता/काठमाडौं



दाङ, २७ फागुन ।

नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य सन्तोष बुढा मगरले देशको रक्षक बन्न सबैलाई आह्वान गर्नुभएको छ । अखिल (क्रान्तिकारी) को २१ औं राष्ट्रिय सम्मेलनलाई २७ दाङको घोराहीमा सम्बोधन गर्दै बेलुकी नेपाली भएर सुत्ने तर बिहान अर्कै देशको नागरिक बनेर उठ्ने खतरा रहेको औंल्याउँदै उहाँले सम्पूर्ण देशभक्तहरू एकजुट हुन आह्वान गर्नुभयो । संसदीय व्यवस्थालाई नर्क जाने बाटोको संज्ञा दिँदै उहाँले नर्क जानलाई खनिएको बाटो जतिसुकै राम्रो भए पनि नर्क नै पुगिन्छ भनेझैं संसदीय व्यवस्थामा समाजवादी व्यवस्था स्थापना नहुने भन्दै संसदीय व्यवस्था अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्ने बाटोमा अघि बढ्न अपील गर्नुभयो ।

वैज्ञानिक ज्ञान र वैज्ञानिक चेतनाको अभावमा अस्ति भर्खर कैलालीमा बोक्सीको आरोपमा १८ वर्षिया किशोरी निर्घात कुटपिट हुनुपरेको भन्दै वैज्ञानिक चेतना नहुँदासम्म रुढीवादी र कुरीति संस्कारको अन्त्य नहुने भएकाले सम्पूर्ण समस्याको समाधान वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र गर्न गर्न सक्ने ठोकुवा गर्नुभयो । उहाँले नेपालमा परिवर्तन र जनताको अधिकारका लागि वैज्ञानिक समाजवादी व्यवस्थाका लागि एकपटक जनक्रान्ति जरुरी रहेको बताउनुभयो । 'वैज्ञानिक शिक्षा र सुदृढ संगठनका लागि २१ औं राष्ट्रिय सम्मेलन' भन्ने मूल नाराका साथ भएको सम्मेलनमा बोल्दै उहाँले युवा-विद्यार्थीलाई आफ्नो भविष्य

... बाँकी पृष्ठ ७ मा

## हामी संलग्न छैनौं : नेपाल कम्युनिस्ट पार्टी

■ रातो खबर संवाददाता/

नेपाल कम्युनिस्ट पार्टीले कैलालीको घोडाघोडी नगरपालिकाका मेयर ममताप्रसाद चौधरीको गोलीकाण्डमा आफ्नो पार्टीको कुनै संलग्नता नरहेको बताएको छ । चौधरी गोलीकाण्डको विषयलाई लिएर प्रहरीले आफ्ना तीन नेतालाई रातमा घरमा सुतिरहेकै अवस्थामा गिरफ्तार गरेको भन्दै नेकपा कैलालीका इन्चार्ज महानले आपत्ति जनाएका छन् । इन्चार्ज महानले घटनामा आफ्नो पार्टीको कुनै संलग्नता नरहेको प्रष्ट पार्दै मध्यरातमा अपहरणशैलीमा आफ्ना जिल्ला स्तरीय नेताहरूलाई पक्राउ गरिएको जानकारी दिएका छन् । उनले तीनै जनालाई तत्काल रिहा गर्नसमेत माग गरेका छन् । मेयर ममताप्रसद चौधरीमाथि सोमबार साँझ उनकै घरमा अज्ञात समूहले गोली र खुकुरी प्रहार गरेको थियो । गोली र खुकुरी प्रहारबाट घाइते चौधरीलाई सामान्य उपचारपछि थप उपचारका लागि नेपालगञ्ज रिफर गरिएको छ । उनको अवस्था गम्भीर रहेको अस्पताल श्रोतले जनाएको छ । विश्वभर र नेपालमा पनि नारी दिवसकै समयमा कैलालीमा कक्षा ११ मा अध्ययनरत राधा चौधरीमाथि बोक्सीको

... बाँकी पृष्ठ ७ मा

## दमनको विरोधमा जनता सडकमा

## वारेन्ट पुर्जी खारेज गर : चन्द

■ अम्बिका चन्द/काठमाडौं




नेकपाका पोलिटब्युरो सदस्य तथा लुम्बिनी ब्युरो इन्चार्ज चन्द्रबहादुर चन्द 'वीरजंग' ले सरकार निरंकुश शैलीमा दमनमा उत्रिएको र आफ्ना नेता-कार्यकर्तामाथि दमन गरेको भन्दै त्यसको सशक्त प्रतिरोध गर्ने चेतावनी दिएका छन् । आइतबार कपिलवस्तुको जितपुरमा आयोजित विशालसभालाई सम्बोधन गर्दै नेता वीरजंगले सरकारले आफ्नो पार्टीका नेता-कार्यकर्ताको नाममा जारी गरेको वारेन्ट पुर्जी तत्काल खारेज गर्नुपर्ने बताएका थिए । सभामा केन्द्रीय सदस्य भेषराज भुसालले राज्यका सबै किसिमका दमनको सामना गर्न आफ्नो पार्टी तयार रहेको बताए । कार्यक्रममा नेकपा अर्घाखाँचीका इन्चार्ज कमल केसी, उद्योग वाणिज्य संघ कपिलवस्तुका उपाध्यक्ष छबि रेश्मी मगर,

... बाँकी पृष्ठ ७ मा

## देशैभर मनाइयो १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

■ रातो खबर संवाददाता/काठमाडौं

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी र नेकपा (क्रान्तिकारी माओवादी) निकटका महिला संगठनहरूले देशैभर संयुक्त रूपमा र्‍याली र कोणसभासहित १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस कार्यक्रम सम्पन्न गरेका छन् । अनेमसंघ क्रान्तिकारी र अनेमसंघ (क्रान्तिकारी) को केन्द्रीय समितिको आयोजनामा बिहीबार काठमाडौंको शान्तिबाटिकामा र्‍याली-सभाको कार्यक्रम सम्पन्न गरिएको छ । क्रान्तिकारी महिलाहरूले १०८ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भव्य रूपले सफल पारौं, महिलाहरूमाथि हुने सम्पूर्ण उत्पीडनको विरुद्ध संघर्ष गरौं, समान कामको समान ज्याला लागू गर, पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर, राज्यसत्ताको सम्पूर्ण अंगहरूमा विशेष अधिकारसहित समानुपातिक प्रतिनिधित्वको ग्यारेण्टी गर, पैतृक सम्पत्तिमा बिनासर्त समान अधिकारको कानुन बनाई लागू गर, चेलीबेटी बेचबिखन पूर्ण रूपमा बन्द गर, वैदेशिक रोजगारीको नाउमा हुने मानव तस्करी बन्द गर, महिलाहरूमाथि हुने हत्या, हिंसा, बलात्कार बन्द गर, आमाको नाउँमा नागरिकता पाउने कानुनी व्यवस्थालाई सर्वसुलभ रूपमा लागू गर, वैदेशिक रोजगारीमा गएका आफ्ना नागरिकहरूको पेसागत र जीउ-धनको सुरक्षाको ग्यारेण्टी गर, वैदेशिक रोजगारीको क्रममा आर्थिक, शारीरिक र मानसिक उत्पीडनमा परेका महिलाहरूलाई अविलम्ब उद्धार गर, विभिन्न देशका

... बाँकी पृष्ठ ७ मा

## महिला हिंसाका विरुद्ध एकजुट होऔं : आस्था'




■ रातो खबर संवाददाता/


रमाकान्त बास्तोला/पोखरा : नेपाल कम्युनिस्ट पार्टी केन्दीय समिति सदस्य एवम् गण्डक ब्युरो इन्चार्ज सावित्रा दुरा 'आस्था' ले दलाल सत्ताको समाप्ति भएर नयाँ जनवादी सत्ता प्राप्त नभएसम्म महिला हिंसा समाप्त नहुने बताउनुभएको छ । अखिल नेपाल महिला संघ क्रान्तिकारी गण्डक ब्युरो समन्वय समितिद्वारा आयोजित बिहीबार पोखरामा भएको १०८ औं अन्तर्राष्ट्रिय श्रमिक

बाँकी पृष्ठ ८ मा

## पार्टी एकताका आधारहरु

देश/परिवेश

■ अनिल शर्मा



एकातिर एमाले-माके पार्टी एकताको चर्चा भइरहेको बेला अर्कोतिर नेकपा र क्रान्तिकारी माओवादी एकता र ध्रुवीकरणको चर्चा भइरहेको छ । शीर्षतहमा भएको छलफलपछि कार्यगत एकता तत्काल सुरु गर्ने र ध्रुवीकरणको लागि वैचारिक, राजनीतिक विषयहरूमा बहस चलाउने सहमति भएअनुसार प्रक्रियाहरू चलिरहेका छन् । पार्टी विभाजित भएको २ वर्ष नहुँदै फेरि एकताको बहस किन ? एकताको नाममा चक्कर मारिने हो कि ? अथवा अनन्त बहसतिर जाने हो कि ? गुणात्मक अग्रगामी परिवर्तन हुने हो ? चिन्ता र जिज्ञासाहरू छन् । पार्टी एकताको लागि निश्चित आधारहरू छन् र समस्याहरू पनि रहेका छन् । सो विषयमा यहाँ संक्षिप्तमा चर्चा गरिनेछ :

१. **कार्यदिशाको प्रश्न** – नेकपाले थबाङ अधिवेशनबाट 'एकीकृत जनक्रान्ति कार्यदिशा पारित गरेको छ । सो कार्यदिशा लागु नगरि बिचैमा बहसमा जानु न इमानदारिता हुन्छ, न त त्यसप्रकारको सोच नै छ । त्यसकारण कार्यदिशाको प्रश्नमा सहमति नभएसम्म पार्टी एकता गाह्रो विषय छ । क. किरणसहितका कमरेडहरू रुसी चिनी वा जनयुद्धकै तरिकाले पुग्दैन भन्नेमा पुग्नु भएको छ । यसले कार्यदिशाको समृद्धीकरणसहित निकास दिन सक्छ ।

२. नेतृत्वको प्रश्न - कार्यदिशा र नेतृत्व आपसमा परिपूरक विषक हुन् । एउटाको अभावमा अर्कोको अस्तित्व सम्भव छैन । 'कार्यदिशाअनुसारको नेतृत्व, नेतृत्वअनुसार कार्यदिशा' हुन्छ । क. किरण र क. गौरवलाई नेता मान्न कसैलाई गाह्रो छैन तर उमेर स्वाभावका कारण संगठनात्मक रूपमा अपुगहरू होलान् । त्यसो त क. विप्लव कुनै बेला क. किरणको कनिष्ट कार्यकर्ता हुनुहुन्थ्यो तर त्यो विषय आज इतिहास बनेको छ । क. किरणको वैचारिक तथा भावनात्मक अभिभावकत्व र क. विप्लवको संगठनात्मक नेतृत्व आजको क्रान्तिकारी आवश्यकता हो । सातौं महाधिवेशनमा त्यही गर्न नसक्दा एकातिर हामी क. किरणबाट अलग हुनुपर्ने परिस्थिति

बाँकी पृष्ठ ७ मा

वर्ष ३, अङ्क ३९, पूर्णाङ्क १३४ | रातो खबर साप्ताहिक

## सम्पादकीय

# ‘बोक्सी’ र संसदीय व्यवस्था

फागुन २४ गतेका दिन कैलालीको घोडाघोडी नगरपालिकास्थित देउकलिया गाउँ निवासी २० वर्षीय राधा चौधरीलाई बोक्सीको आरोप लगाएर ६ घन्टासम्म निर्घात कुटियो। त्यो दिन विश्वभरि १०८ औँ अन्तर ाष्ट्रिय महिला दिवस मनाइराखिएको थियो। राधालाई बोक्सीको आरोपमा भोले बाबा भनिने रामबहादुर चौधरी र पार्वतीको नामले चिनिने स्मारिका चौधरीले निर्घात कुटिरहँदा उक्त घोडाघोडी नगरपालिकाका मेयर ममता चौधरीलगायतका सयौँको संख्यामा ताली पिट्ने र मूकदर्शक हुने काम गरेका थिए। यसरी मरणासन्न हुनेगरी कुटाइ खाएपछि राधाका आफन्तले नजिकको प्रहरी कार्यालयमा जुरुरी दिँदा प्रहरीद्वारा उजुरी लिइएन। साथै, कुटपिट गर्ने रामबहादुर चौधरी र स्मारिका चौधरीलाई छुटाउन मेयर ममता चौधरी पुगे र छुटाएका थिए। मेयर ममता चौधरीलाई फागुन २८ गते राती अज्ञात समूहले खुकुरी र गोली प्रहार गरी घाइते बनाएको खबर पनि आएको छ।

राधा चौधरीलाई बोक्सीको आरोपमा पिटाइ खाएको जस्ता घटना नेपालमा पहिलोपटक र अन्तिम होइन। यस्ता घटना दिनदिनै हुने गरेका छन्। बोक्सीको आरोपमा दिसा ख्वाइएका घटना छन्। कैयौँ वृद्ध महिलाहरू बोक्सीको मारिएका पनि छन्। एक्काइसौँ शताब्दीमा पनि अन्धविश्वासमा लागेर महिलामाथि गरिएका यस्ता जघन्य अपराध हुने गरेका छन्। पछिल्लो क्रममा बालिकाहरू बलात्कारको सिकार हुने गरेका छन्। नेपालका महिलाहरू घरेलु-हिंसा, राज्य-हिंसामा परिरहेका छन्।

अहिले नेपालमा महिला राष्ट्रपति छिन्। लामो समय महिला आन्दोलनमा लागेकी विद्या भण्डारी दोस्रो कार्यकालका लागि पनि राष्ट्रपतिमा निर्वाचित भएको अवस्था हो। यसअघि नेपालको व्यवस्थापिका र न्यायपालिका र राष्ट्रप्रमुखमा महिला नै थिए। तर नेपालका महिलामाथिको शोषण, दमन र उत्पीडनबाट उनीहरू मुक्त हुन सकेनन्। बरु उनीहरूको कार्यकालमा सबैभन्दा बढी महिलाहरूले उत्पीडन खेप्नुपरेको थियो।

गएको चुनावमा सबैभन्दा ठूलो पार्टी बनेको नेकपा एमालेका अध्यक्ष के.पी. शर्मा ओली प्रधानमन्त्री छन्। राष्ट्रपति त्यसै पार्टीकी पूर्व उपाध्यक्ष विद्या भण्डारी दोस्रो पटक राष्ट्रपति बनेकी छन्। यसैगरी राष्ट्रिय सभा र संसद्को उपप्रमुख पनि महिला नै बन्दैछन्। स्थानीय तहमा ४१ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको भनिएको छ। तर पनि किन महिलाहरू संसदीय व्यवस्थाको पुनर्स्थापना भएपछि महिलाहरू झनै उत्पीडनमा परेका छन् त !

नेपाली महिलाहरू त्यसमा पनि श्रमिक महिलाहरूले यस्तो परिस्थिति व्यहोर्नुपर्नाका कारण यहाँ काम गर्ने एनजीओ-आईएनजीओ, महिलावादी संघ-संस्थाहरूले पुरुषप्रधान समाज भएको भन्ने गरेका छन्। उनीहरूको यो भनाइमा केही सत्यता रहेको छ। तर त्योभन्दा मुख्य कुरा वर्तमान राज्यव्यवस्था हो भनेर बुझ्नुपर्दछ।

यो दलाल संसदीय पुँजीवादी व्यवस्था हो। यसको दर्शन भनेका आदर्शवाद हो। आदर्शवादी दर्शनमा भूतप्रेत, धामी, झाक्री, बोक्सीप्रति विश्वास रहेको हुन्छ। यो देशका शासक-प्रशासकहरू मन्दिरतिर पूजापाठ गर्न पुग्दछन्। सरकारको कुर्सीमा आसीन हुन पुग्दा कालो बोको काट्ने गर्दछन्।

यसैगरी, यो राज्यप्रणाली विभेदको खानी हो। त्यसैले यो व्यवस्थामा गरिब, निर्धन महिला बोक्सी कहलाउँछे। यो सत्ताभित्र जति ठूलो तहमा महिला पुगे पनि उनीहरूमाथिको दमन, शोषण र उत्पीडन कम हुँदैन। बरु सत्तारोहणमा पुगेका केही महिलाको नाम भजाएर थप शोषण गरिन्छ। यहाँ महिला मात्र होइन, दलितहरूले अहिलेसम्म मन्दिर प्रवेश पाएका छैनन्। पँधेराबाट पानी ल्याउन प्रतिबन्ध छ। पञ्चायतकालमा मुलुकी ऐन लागू गरिएको भएता पनि नेपालमा वर्गीय त छँदैछ, लैङ्गिक, जातीय, क्षेत्रीय उत्पीडन झनै बढेर गएको छ।

अझ यसमा पनि अहिलेको यो संसदीय व्यवस्था दलाल पुँजीवादी भएको र यसको सञ्चालनमा पुगेको वाम-गठबन्धन भनिएका एमाले र माओवादी केन्द्र सामाजिक दलाल पुँजीवादीमा रूपान्तरित भएका छन्। त्यसैले यो सत्ता र त्यसका सञ्चालकहरूको सरकारबाट नेपालका शोषित, पीडितहरूको भलो हुँदैन। बरु तावाको माछो भुङ्ग्रोमा परेको जस्तो मात्र हुन्छ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# सुर्खेती क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास


कृष्ण धमला ‘गम्भीर’

*२०३५/३६ सालको जनआन्दोलनको सेरोफेरोमा अर्को चर्चित काण्ड भयो। सुर्खेतको पूर्वी बेल्टका जनता आफ्ना मागहरू लिएर शान्तिपूर्ण ढंगले वीरेन्द्रनगर आउँदै गर्दा दशरथपुर कृषि फार्ममा पुगेपछि दशरथपुर निवासी तत्कालीन जिल्ला विकास समितिका सभापति पञ्च तुलसीप्रसाद शर्माको आदेशमा गोली चलाइयो र ६ जनाको हत्या भयो जब कि त्यो बेला जनमत संग्रहको घोषणा भइसकेको थियो जनमत संग्रहको घोषणापश्चात गोली चलाइएको पहिलो जिल्ला सुर्खेत मात्रै थियो। २०३५/३६ को जनआन्दोलनपश्चात जिल्लामा पार्टी विस्तार गर्न निकै प्रतिस्पर्धा चल्यो।*

नेपालको कम्युनिस्ट आन्दोलन २००६ साल तदनुसार १९४९ अप्रिल २२ तारिखमा स्थापनासँगै देशका विभिन्न भागमा प्रभाव र विस्तार हुन सुरु गरेको त सबैलाई जगजाहेर नै छ। नेपाली कम्युनिस्ट आन्दोलन विभिन्न टुटफुट, विभाजन र उतार चढावका बीचबाट गुज्रँदै अगाडि बढ्यो। नेपाल कम्युनिस्ट पार्टीको तेश्रो महाधिवेशनबाट कम्युनिस्ट आन्दोलन विभाजन हुन सुरु भयो। दोश्रो महाधिवेशनसम्म पार्टी एकीकृत नै थियो तर रुसमा कमरेड स्टालिनको मृत्युपश्चात जब खुश्चेवले सर्वहारावर्गको पार्टीलाई हत्याएर र प्रतिक्रान्ति गऱ्यो, त्यसपछि संसारभर कम्युनिस्ट पार्टीहरू दुई धारमा विभाजन भए। एउटा लेनिन र स्टालिनले लिएको बोल्सेभिक क्रान्तिकारी धारा र अर्को खुश्चेवको संसोधनवादी धारा। २० औं पार्टी कांग्रेसको महाधिवेशनमा खुश्चेवले शान्तिपूर्ण संक्रमणको सिद्धान्तलाई अँगालेपछि माओले रुसी पार्टीलाई असहमति जनाएर चिट्ठी लेख्नुभयो, त्यो महान् बहसको नामले चर्चित छ। त्यसपछि चिनियाँ क्रान्तिकारी धारा र रुसी संशोधनवादी धाराको बीचमा कम्युनिस्ट आन्दोलन ध्रुवीकृत भयो। नेपालमा तत्कालीन संशोधनवादी धाराको नेतृत्व तुलसीलाल अमात्यले गरे भने क्रान्तिकारी धाराको नेतृत्व पुष्पलाल र मोहनविक्रमहरूले गरे र तेश्रो महाधिवेशनपछि नेपालको कम्युनिस्ट आन्दोलन विश्रृंखलित भयोर कैयौं टुक्रा-टुक्रामा औपचारिक रूपमा विभाजित बन्न पुग्यो। २०२८ सालमा पूर्वमा कोशी प्रान्तीय समिति, कोअर्डिनेसन केन्द्र गठन गरेर झापामा वर्ग सत्रु सफाया अभियानकोलाईन लिएर सामन्त र जमिनदारहरूको सफाया अभियान सुरु गरियो। केही क्रान्तिकारी युवाहरूको युवा जोश र स्पिरिट त ठीकै थियो तर क्रान्तिकारी र वैज्ञानिक कार्यदिशाबिना निम्न पुँजीवादी चरित्र र आदर्शबाट प्रेरित भएर आम जनतालाई विचार, राजनीति र संगठित रूपले तयार नगरीकन गरिएको विद्रोह निरंकुश पञ्चायती व्यवस्थाको दमनको अगाडि टिक्न सक्ने कुरै थिएन र टिकेन पनि। अर्कोतिर जेलबाट मोहनविक्रम र निर्मल लामालगायतका नेताहरू रिहाइ भएपछि केन्द्रीय न्युक्लिस बनाएर चौथो महाधिवेशनको तयारीमा लागे। देशव्यापी दौडाहा गरे र २०३१ सालमा चौथो महाधिवेशन सम्पन्न भयो। यसले देशव्यापी रूपमा संगठित रूप लिएर गयो। सुर्खेत जिल्लामा पनि कम्युनिस्ट पार्टीको स्थापना कहिले र कुन मितिमा भयो भन्ने कुरा विवादित नै छ। करिब २०३६/३७ सालको जनआन्दोलनपश्चात २०३८/३९ सालमा सुर्खेतमा चौथो महाधिवेशनका तत्कालीन ब्युरो सदस्य प्युठानी नेता क. राममणिको विशेष उपस्थितिमा मोती मिधुनको नेतृत्वमा कृष्ण धमला, केदार कँडेल, चूडामणि शर्मा, डिल्ली उपाध्यायलगायतको जिल्ला संगठन समिति बन्यो। तत्कालीन समयमा प्युठान निवासी जनव्यावसायिक माध्यमिक स्कुल वीरेन्द्रनगरमा अध्यापन गर्ने शिक्षक सिद्धिमानको पनि त्यस जिल्लामा पार्टी विस्तार गर्ने महत्वपूर्ण भूमिका थियो। त्यसपछि हरिभक्त कँडेल, सहिद क. विष्णु पोखेल, चितवन निवासी क. विलासजीहरूको उपस्थिति निरन्तर रूपमा रह्यो। सीएमए क्याम्पस सुर्खेतमा अध्यापन गर्ने हेटौंडा निवासी कुमार थापाको पनि पार्टी प्रभाव र विस्तार गर्नमा महत्वपूर्ण योगदान रह्यो। पोष्टबहादुर बोगटी (दिवाकर) ले त्यो क्षेत्रको वर्गसंघर्षको उठान गर्न निरन्तर नेतृत्व गरे।

२०३१ सालमा एउटा चर्चित पोस्टर काण्ड घटयो र पद्मसिंह नेपाली, केदार कँडेललगायत धेरैको गिरफ्तारी, जेल हिरासत र भागदौडको श्रृंखला नै चल्यो। २०३५/३६ सालको जनआन्दोलनको सेरोफेरोमा अर्को चर्चित काण्ड भयो। सुर्खेतको पूर्वी बेल्टका जनता आफ्ना मागहरू लिएर शान्तिपूर्ण ढंगले वीरेन्द्रनगर आउँदै गर्दा दशरथपुर कृषि फार्ममा पुगेपछि दशरथपुर निवासी तत्कालीन जिल्ला विकास समितिका सभापति पञ्च तुलसीप्रसाद शर्माको आदेशमा गोली चलाइयो र ६ जनाको हत्या भयो जब कि त्यो बेला जनमत संग्रहको घोषणा भइसकेको थियो जनमत संग्रहको घोषणापश्चात गोली चलाइएको पहिलो जिल्ला सुर्खेत मात्रै थियो। २०३५/३६ को जनआन्दोलनपश्चात जिल्लामा

> g]s:kf -Pstf s[b] sf]/fli6o Pstf dxflwj]zgsf nflu lhNnf lhNnfdf ;Dd]ng ug{] to ePcg¿k ;v]{ lhNnfdf klg klxnf] lhNnf ;Dd]ngsf] tof/Lsf sfdx¿ ;? eof]. @)$* ;fndf s: ls/0fsf] kd[v cfltYotfdf / ljz]if pkl:yltdf xl/eQm s8]n lyP . hDdf @) hgfsf] k|tlglwTj ePsf] Tof] ;Dd]ngn] s: wd]{b| af:tfnf]sf] ;]qm]6/Ldf % ;b:oLo lhNnf ;ldlt rog u¥of].

पार्टी विस्तार गर्न निकै प्रतिस्पर्धा चल्यो। २०३५/३६ को आन्दोलनपश्चात केन्द्रीय विद्यार्थी आन्दोलनमा क. धर्मेन्द्र बास्तोला पनि होमिनुभयो। २०३९/४० सालतिर विद्यार्थी सम्मेलन र प्रशिक्षण गर्ने क्रम तीव्र गतिमै भएको छ। त्यसै सिलसिलामा तत्कालीन विद्यार्थी नेताहरू निमकान्त पाण्डे, पम्फा भुसाल, बलराम बास्कोटा, लेखराज भट्ट, हरि अधिकारी, चक्रपाणि लम्साल र विष्णु खनाललगायतका विद्यार्थी नेताहरूले जिल्ला दौडाहा लगाएका थिए। पार्टीभित्र त्यतिबेला पण्डितिनी प्रकरणको कारण दुईलाइन संघर्षको सुरुआत हुन्छ र २०४१ सालको महाधिवेशनमा जाँदा दुईवटा दस्तावेज प्रस्तुत हुन्छन्, एउटा मोहनविक्रम सिंहले मध्यपन्थी कमजोरीबारे र अर्को मध्यपन्थी कमजोरी कि गल्तीको ढाकछोप भन्ने किरणद्वारा प्रस्तुत दस्तावेज। पाँचौं महाधिवेशनका लागि देशैभरि जिल्ला सम्मेलन भए र महाधिवेशन भारतको अयोध्यामा भएको थियो, त्यतिबेला सुर्खेतबाट कृष्ण धमला, मोती मिधुन र चूडामणि शर्माको प्रतिनिधित्व थियो। १३/१४ दिन चलेको त्यो महाधिवेशनमा अन्ततः किरणद्वारा प्रस्तुत दस्तावेज पारित भयो र मोहनविक्रम महाधिवेशन हलबाटै गलहत्याइए र पार्टी भित्रभित्र विभाजनतर्फ उन्मुख भइसकेको थियो र एक वर्ष नपुग्दै २०४२ सालमा औपचारिक रूपमा मोटो मशाल र पातलो मसालको रूपमा पार्टी विभाजित भयो। मोहनविक्रम सिंहले १ वर्ष नपुग्दै औपचारिक रूपमा पार्टी विभाजन भएको घोषणा गरे र उनलाई कार्वाही गर्दै २०४२ सालमा विस्तारित बैठकको आयोजना गरेर मोहनविक्रम सिंहमा व्यक्तिवादी अराजकतावादी प्रवृत्ति भएको संश्लेषण गऱ्यो। सुर्खेत जिल्लाबाट उक्त विस्तारित बैठकमा केदार कँडेलले प्रतिनिधित्व गरेका थिए, सुरुमा उनी संस्थापन पक्षतिर भएको नाटक गरे तर उनको सम्बन्ध र प्रवृत्ति चूडामणि शर्मासँग नजिक भएकाले उनी उतै लाग्छन् भन्ने आँकलन गरेका थियौं, नभन्दै त्यो सत्य प्रमाणित पनि भयो।

त्यसपछि सुर्खेत जिल्लामा पनि फुट र विभाजन भयो र समितिको बहुमत अल्पमततिर गयो भने सिर्फ कृष्ण धमला मात्रै एकजना बहुमत पक्षमा रहे। कृष्ण धमलाको सेक्रेटरीमा केही समय एकल नेतृत्व बनाएर पार्टी कामलाई अगाडि बढायो। २०४५/४६ को जनअन्दोलनपश्चात देशमा अलि बढी खुकुलो परिस्थिति पैदा भयो र दलहरूका चलखेलहरू तीव्र भएर गए। आ-आफ्ना पार्टीका कार्यक्रमहरू गर्न त्यो बेला विविध दलहरूका बीचमा प्रतिस्पर्धा र होडवाजी नै चल्यो। २०४६ सालपछि विकेश श्रेष्ठको विशेष उपस्थितिमा क. मंगल विकको घरमा सेक्रेटरी कृष्ण धमलाको नेतृत्वमा क. मंगल विक र भद्र गुरुङ्गसहितको ३ सदस्यीय जिल्ला संगठन समिति बन्यो। जनआन्दोलनलाई राजा, कांग्रेस र वाम मोर्चाको साँठगाँठमा चैत २४ गते सम्झौता गरेर वीचमा तुहाइयो। संयुक्त राष्ट्रिय जनआन्दोलन जसमा ५ घटकहरू थिए, त्यसले सो सम्झौताको विरोध गऱ्यो आफ्नो संघर्षलाई जारी राख्यो र देशैभरि संयुक्त राष्ट्रिय जनआन्दोलनको नाम बाट सम्झौताको भण्डाफोर गर्दै आमसभाहरू सम्पन्न हुन थाले। सुर्खेतमा पनि सं.रा. जनआन्दोलनको आमसभा राखिएको थियो। सुर्खेतमा अस्तित्वमा रहेका दुईवटा घटक मशाल/मसालको संयुक्त कार्यक्रम बन्यो। सिनियर नेताको रूपमा सिपी गजुरेल आएको हुनाले उनि नै अन्तिम वक्ता बन्ने कुरा तय भयो। त्यो कुरा नै मसालहरूलाई पचेको थिएन। प्रमुख वक्ताले बोल्दा बोल्दै मसालका जिल्ला नेताहरूले होहल्ला गर्न खोजे तर असफल भए त्यो कार्यक्रममा खुसीराम पाख्रीनको सांस्कृतिक टिम गएको थियो। पाख्रीनको एउटा देशभक्ति गीतले सबैलाइ मन्त्रमुग्ध वनाएको थियो। कांग्रेस र एमालेहरूले संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाको वकालत गर्दै संसारको उत्कृष्ट संविधानको प्रचार गर्न थाले। भर्खर पञ्चायती व्यवस्था ढलेर सबै चीजको हल यही व्यवस्थाले नै गर्छ भनेर संसद्वादीहरूले जनतामा भ्रम फैलाउने षड्यन्त्र बढेर गयो त्यो भ्रमलाई चिर्न र क्रान्तिको लक्ष्य र उद्देश्यमा अगाडि बढ्नका लागि क्रान्तिकारीहरूको कमजोर शक्तिबाट मात्र सम्भव थिएन। त्यसकारण मालेमावाद मान्ने, नयाँ जनवादी क्रान्तिको न्यूनतम कार्यदिशामा सहमत हुने र महान् सर्वहारा सांस्कृतिक क्रान्तिलाई प्रस्थानविन्दु बनाउनुपर्ने कुरालाई आधार वनाएर पार्टी एकताको प्रक्रियालाई अगाडि बढाउने मान्यताका साथ ४ वटा पार्टी ने.क.पा. (मशाल), ने.क.पा. (चौम), सर्वहारावादी श्रमिक संगठन र ने.क.पा. (मसाल) विद्रोही पक्ष र रूपचन्द्र बिष्टको पार्टीबाट विद्रोह गरेको एउटा सानो हिस्सासहित गरेर २०४७ सालमा पार्टी एकता संयोजन समिति वन्यो। पार्टी एकता संयोजन समिति सुर्खेत जिल्लामा क्रियाशील भएर गयो। पश्चिम क्षेत्रीय कमान्डको जिम्मा पोष्टबहादुर बोगटी (दिवाकर)लाई त्यो क्षेत्रको जिम्मा दिएपछि फेरि कामहरू व्यवस्थित ढंगले अगाडि बढे र सुर्खेत जिल्लाको समिति पुनर्गठन गर्दै पुनः कृष्ण धमलाको सेक्रेटरीमा मंगल विक, भद्र गुरुङ्ग, लोकप्रसाद पन्त, चित्रबहादुर चौधरीसमेतको जिल्ला संगठन समिति बन्यो र विविध कार्यक्रमहरूलाई अगाडि बढाउँदै लग्यो। जिल्लामा भएका साथीहरू आ-आफ्नो पेशा व्यवसायमा भएकाले पार्टी कामको चापले गर्दा धान्ने स्थिति बनिरहेको थिएन। त्यसैले काठमाण्डौमा विद्यार्थी संगठनलगायतको जिम्मेवारीमा रहनुभएका क. धर्मेन्द्र बास्तोलालाई पार्टी केन्द्रसँग सल्लाह गर्दै सुर्खेत जिल्लामा स्थानान्तरण गर्ने काम भयो र पार्टीका कामहरू गतिमा जान थाले। ने.क.पा. (एकता केन्द्र) को राट्रिय एकता महाधिवेशनका लागि जिल्ला जिल्लामा सम्मेलन गर्ने तय भएअनुरूप सुर्खेत जिल्लामा पनि पहिलो जिल्ला सम्मेलनको तयारीका कामहरू सुरु भयो। २०४८ सालमा क. किरणको प्रमुख आतिथ्यतामा र विशेष उपस्थितिमा हरिभक्त कँडेल थिए। जम्मा २० जनाको प्रतिनिधित्व भएको त्यो सम्मेलनले क. धर्मेन्द्र बास्तालोको सेक्रेटरीमा ५ सदस्यीय जिल्ला समिति चयन गऱ्यो उक्त सम्मेलन तत्कालीन वीननपा १, स्थित तीनकुने आम्डाली खोला नजिकै एकजना किसानको घरमा सम्पन्न भएको थियो। सदस्यहरूमा कृष्ण धमला, मंगल विक, लोकप्रसाद पन्त र भद्र गुरुङ्गहरू चयन भए। सम्मेलनले बहुमतको दस्तावेजकोलाईन गाउँबाट सहर घेर्ने दीर्घकालीन जनयुद्धकोलाईनलाई समर्थन गऱ्यो। महाधिवेशनको प्रतिनिधिमा क. धर्मेन्द्र बास्तोला, कृष्ण धमला, मंगल विक र लोकप्रसाद पन्त चयन भए र महाधिवेशन प्रतिनिधिमा धर्मेन्द्र बास्तोला, कृष्ण धमला, मंगल विक र लोकप्रसाद पन्त गरी ४ जनालाई प्रतिनिधित्व गर्ने निर्णय गऱ्यो। संयुक्त जनमोर्चा नेपालको जिल्लाको अध्यक्षमा क. धर्मेन्द्र बास्तोला र सचिवमा लोकप्रसाद पन्तलाई चयन गर्ने निर्णय गऱ्यो र सं.ज.मो.का वैधानिक कार्यक्रमहरू निरन्तरतामा अगाडि बढे। राष्ट्रियता, जनतन्त्र र मागहरू लिएर सडक संघर्षका कार्यक्रमहरू सशक्त किसिमले संचालन भए। जिल्लामा एउटा अवलचिङ्ग सांस्कृतिक परिवार पनि गठन भयो र त्यो जनयुद्धको पहलसम्म निरन्तर क्रियाशील भयो। राष्ट्रिय एकता महाधिवेशन सम्पन्न भयो। त्यसले सहरबाट गाउँ घेर्ने दीर्घकालीन जनयुद्धकोलाईन बहुमतद्वारा पारित गऱ्यो। २०५० सालतिर जिल्लामा सुर्खेत पोष्ट साप्ताहिक पत्रिका प्रधान सम्पादक क. धर्मेन्द्र बास्तोलाको नामबाट पत्रिका संचालनमा आयो। त्यसले पनि क्रान्तिकारी विचारलाई र

... बाँकी पृष्ठ ७ मा

# संयुक्त मोर्चा निर्माण गरौं

✎ गोपाल किराती



गोपाल किराती 'साइला' नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) नेता हुन् । प्रचण्ड पक्षले एमालेसँग एकता गर्ने भएपछि किरातीले प्रचण्डहरूलाई कार्बाही गरेको घोषणा गर्दै पार्टी पुनर्गठन गर्ने अभियानमा लागेका छन् । यसै सन्दर्भमा रातो खबरका झनक श्रेष्ठले उनीसँग लिएको अन्तर्वार्ताको मुख्य अंश यहाँ प्रस्तुत गरिएको छ :

➲ ***तपाईंलाई कम्युनिस्ट आन्दोलनमा कसरी आकर्षित हुनुभयो ?***

खोटाङ जिल्ला पेम्मा गाउँमा बस्ने श्रीकृष्ण माध्यमिक विद्यालयको प्रध्यानाध्यापक हरिनारायण राईबाट मलाई मार्क्सवादी विचारप्रति पहिलो प्रेरणा प्राप्त भयो । सोलुखुम्बु जिल्ला सोताङलुङमा जन्में र हुर्कें । २०३७ सालमा जेठा दाजु प्रहरीमा हुनुहुन्थ्यो । उहाँ झापामा आन्दोलनको बीचमा घाइते हुनभएछ, २०३७ सालमा जेठा दाजु बित्नुभयो । २०३८ सालमा बुबा र आमा २०३९ सालमा बित्नुभएपछि टुहुरा भइयो । हामी एकातिर धेरै गरिब थियौं, त्यसमाथि गाउँका प्रधानपञ्च बुबा बितिसकेपछि हाम्रा जग्गाबारी खोस्ने काम गर्‍यो । पीडित अवस्थामा २०३९ सालमा म काठमाडौं आएँ । ट्रेकिङ मजदुरीमा लागें । सोलुखुम्बुका धेरै मानिस ट्रेकिङ मजदुरीमा थिए । त्यही क्रममा हरिनारायण मेरो भिनाजुको संरक्षणमा बस्थें । दिदीको जोड थियो कि ब्रिटिस गोर्खा भर्तीमा पठाउने के गरी गरिखाने भाइलाई बनाउने अन्तर्गत र भिनाजु नेकपा चौममा नजिकको बुद्धिजीवी हुनुहुन्थ्यो । त्यहीबीचमा गोर्खा भर्तीमा जान हुँदैन, देश र जनताका लागि क्रान्ति गर्नुपर्छ । २०४० मंसिरमा भिनाजुले प्रेरित गर्नुभयो । त्यो बेला सिम्मा गीति-नाटक धेरै चर्चित नाटक रहेछ । रायनले लेख्नुभएको त्यो गोर्खा भर्तीको तुफान कथा अथवा दर्दनाक कथामा आधारित नाटक रहेछ । भिनाजुको प्रभावबाट देश र जनताका लागि क्रान्ति गर्नुपर्छ भन्नेमा प्रतिबद्ध भएँ । त्यहाँदेखि लाग्दै आउने क्रममा जातीय प्रश्नमा २०४३/४४ सालतिर मलाई जानकरी भयो । २०४५ सालमा राजकाज मुद्दामा १० महिना जेल बसें, यद्यपि भिनाजु त्यो गाउँको निमाविलाई मावि बनाएपछि उहाँ हेडमास्टर भएर जानुभयो । मलाई संगठित गर्नुभएन । संगठन खोज्नाले मलाई निकै हैरान भयो । स्वतन्त्र वामपन्थी कार्यकर्ता रहँदै आएँ । २०४५/०४६ सालमा जेल बस्दा चिन्तन-मनन गर्दादेखि यो वर्गीय र जातीय प्रश्न दुबै चाहिन्छ भन्ने निष्कर्षमा पुगें र बाहिर आएँ ।

➲ ***अहिले तपाईं के गर्दै हुनुहुन्छ ?***

अहिले हामी नेकपा (माओवादी केन्द्र) पुनर्गठनको अभियानमा छौं । नेकपा (माओवादी केन्द्र) को रूपमा संविधानसभाबाट संविधानलाई तत्कालीन नेकपा माओवादीले उपलब्धिको रक्षा गर्ने र कमजोरी सच्याउने काममा हामीहरू अघि बढ्ने भनेर डटिरहेकै बेला २०७४ साल असोज १६ गते पेरिस डाँडा केन्द्रीय कार्यालयमा त्यो बेलाको अध्यक्ष प्रचण्डले एमालेसित एकताको सहमतिपत्र प्रस्तुत गर्नुभयो । गठबन्धनमा आपत्ति थिएन, एकतामा पनि आपत्ति थिएन प्रश्न के भने मार्क्सवाद-लेनिनवाद-माओवादको सिद्धान्त पहिचानको सिद्धान्त एमाले मान्दैन । नमान्ने भइसकेपछि एकता नभएर विलय हुन्छ । विलयमा गइँदैन भनेर २०७४ असोज १६ गते बैठकमा मैले विरोध जनाएँ र केन्द्रीय सचिवालय बैठकमा अनौपचारिक बैठकमा त्यस्तो निर्णयहरू केही लिखित रूपमा गरिएन । विरोध गर्ने एक जना मात्रै भइयो । २०७४ फागुन ७ गते ओली-प्रचण्डको पार्टी एकता संयोजन समिति छ । त्यसले ७ बुँदे सैद्धान्तिक राजनीतिक सहमति गर्‍यो र ८ गते हामीले दक्षिणपन्थी-काण्ड भन्यौं । नेपाली कम्युनिस्ट आन्दोलनको यो दक्षिणपन्थी-काण्ड हो, त्यसमा हाम्रो विचार समूह संलग्न हुँदैन । ११ गते हामीले पनि प्रचण्ड समूह माओवादी केन्द्रमा नरहेको वक्तव्य घोषणा गर्‍यौं । उहाँहरूले छोडेर जाने माओवादी केन्द्र हामी समाल्छौं अथवा यसैलाई निरन्तरता दिन्छौं ।

➲ ***प्रचण्डहरू एमालेमा जाने भनेपछि तपाईंहरूले विरोध गर्नुभयो, किन ?***

मार्क्सवाद-लेनिनवाद-माओवाद हाम्रो पथप्रदर्शक सिद्धान्त हो । कार्यदिशाको सम्बन्धमा बादलहरूसँग एकता गर्दा अध्ययन-अनुसन्धानद्वारा नयाँ कार्यदिशा निर्माण गर्ने भनिएको थियो । त्यहाँ पुँजीवादी क्रान्ति र समाजवादी क्रान्तिको तयारी भन्नेसम्म लेखिएको थियो । त्यसमाथि पनि मेरो प्रश्न थियो । एकतापछि कार्यदिशा क्रान्तिकारी दिशा तयार गर्नुपर्नेमा उहाँहरू भाग्नुभयो । अर्को यो पहिचानको मुद्दा नेपाली क्रान्तिको यो एक अभिन्न कार्यभार हो । वर्गप्रधान हुन्छ, मार्क्सवादी दृष्टिकोणमा त्यो एकदम सही हो तर त्यसको अतिरिक्त देशमा समाजमा रहेका सबैखाले अन्याय, उत्पीडनको विरुद्ध लड्नु मार्क्सवादीहरूको कर्तव्य हुन्छ । त्यसअन्तर्गत नेपाली समाजमा ४ किसिमका उत्पीडनहरू विद्यमान छन् । जनयुद्धअघि नेकपा माओवादीको प्रथम राष्ट्रिय सम्मेलनले निर्धारण गरेको नेपाली राजनीतिको अन्तर्विरोध एकदम सही छ । वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक उत्पीडन छ, त्यसको अन्त्य गर्न जनयुद्ध भनियो । त्यसको अन्त्य गर्न माओवाद भनियो र त्यसको अन्त्य गर्न माओवाद स्वीकार गर्ने पार्टी भनियो । अहिले उहाँहरूले छोड्नुभएपछि संसद्वादमा उहाँहरूले हामफालेपछि हामीले विरोध गरेका हौं । भारतको पश्चिम बंगालमा ज्योति बसुले क्रान्तिकारी चारु मजुमदारहरूको रगत पिएर २०/२५ वर्ष जो मुख्यमन्त्री मार्क्सवादको नामबाट चलाएका थिए तर अहिले त्यहाँ मार्क्सवादी भनिनेहरूको बीउसमेत मासिएको छ । ओली-प्रचण्डको अवस्था पनि यो २०/२५ लाग्दैन । यही ५ वर्षमा उहाँहरू ज्योति बसु हुनुहुनेछ । ओली-प्रचण्डको यो कथित कम्युनिस्ट नामको खोल हो । संसदीय पुँजीवादी राजनीति ४/५ वर्ष ज्योति बसुको तहमा अवसान हुन्छ ।



“:jfefljs ¿kdf dfcjfb dfGgx¿sf aLrdf Pp6f qmflGtsf/Lx¿sf vdf lgdf0f ugk5 . :jfefljs / clgjfo ¿kdf kf6Lut Pstfdf ;do nfU5 . dfxg jB, ljKnj sd/8x¿;u cfxlthL b:tfjhsf tof/L ub xgxG5, Tof k9/ dfq a´g ;lsg s/f eof . dfSS;jfb–nlggjfb–dfcfjfb dfGb gkfnL qmflGtsf kykbzs l;4fGt :jLsf/ ugx¿sf aLrdf kf6L Pstfsf nIo /fv/ Gogtd ¿kdf sfout Pstf / clwstd ¿kdf tTsfn kl/l:yltsf ¿kdf ;oQm dfrf lgdf0f ugk5 .”

➲ ***अब कसरी सोच्नुभएको छ ?***

अहिलेसम्म परबाट देखिने ठूलो टाउको अथवा नाम चिनिएकका नेताहरू पुनर्गठनको पक्षमा छैनन् । एमाओवादीमा निर्वाचन भएको थियो । म स्थायी समिति सदस्यमा निर्वाचित भएपछि माओवादी केन्द्र बनेको आधारमा केन्द्रीय कार्यालय सदस्यमा पनि राखियो, त्यो जिम्मेवारी निर्वाह पनि गरियो । म एकजना छु लोकेन्द्र बिष्टले निकै महिनाअगाडि पार्टी परित्याग गर्नुभएको थियो । अहिले हामी छलफल गरिराखेका छौं । आहुतीजीले माओवादी केन्द्र परित्याग गर्नुभयो । मैले परित्याग नगर्ने त्यो परित्याग प्रचण्डहरूले पो गर्दैछन् भन्ने मेरो व्यख्या रह्यो र आहुतीजी एउटा मिहिनेतसँग एउटा समूह निर्माण गर्न दस्तावेजको तयारीमा हुनुहुन्छ, त्यो ठीक छ । त्यो गर्दा सानो टाउकोवालाहरू मात्रै पुनर्गठन अभियानमा जुटिरहेका छौं । हामी खुसी नै छौं । सानो टाउकोलाई नै ठूलो टाउको बनाउन सकिन्छ । अहिले छलफलको निम्ति तयार गरिराखेको 'राष्ट्रिय समाजवाद' कार्यदिशा उपयुक्त हुन्छ भन्ने कुरामा हामीलाई गहिरो विश्वास रहेको छ ।

➲ ***अहिले तपाईंहरू भन्दै हुनुहुन्छ- क्रान्तिकारी ध्रुवीकरण आजको आवश्यकता हो, यसबारे यहाँको खास धारणा के हो ?***

एकदम ठीक हो । खडक ओली समग्रतामा सम्पूर्ण रूपले कम्युनिस्टको खोल ओढेका प्रतिक्रियावादी मानिस हुन् । उनी २०२८ सालमा झापा विद्रोहमा क्रान्तिकारी भूमिका खेलेका पनि पछि बिग्रँदै आउने क्रममा प्रतिक्रियावादी मानिस हुन् । प्रचण्ड ७ बुँदेपछि वैद्य कमरेडहरू, विप्लव कमरेडहरूले पहिल्यैदेखि प्रचण्ड बेठीक हो, भन्नुभयो । मोहन वैद्यले प्रचण्डलाई चिन्ने र हामीले चिन्नेमा अन्तर परिहाल्ने भयो । २०६० सालमा मात्रै प्रचण्डसँग मेरो सहकार्य भयो । ढिलै भए पनि प्रचण्ड दक्षिणपन्थी अवसरवादीको रूपमा अहिले ठहरिनुभयो । उहाँ प्रचण्ड नरहेर पुष्पकमल दाहाल हुनुभयो । पुष्पकमल दाहाल 'प्रचण्ड' त्यो खड्क ओलीको मतियार हुनु पुग्नुभयो । यसो गर्दा विप्लवजी नेतृत्वको नेकपाले फासिवादी आरोपित गरेको छ, त्यो म सही ठान्छु । २३ औं जनयुद्ध दिवस वैद्य र विप्लव पार्टीले आयोजना गर्नुभयो, हामीलाई पनि निम्त्याउनुभयो । एकै ठाउँमा उभिएर हामीले जनयुद्ध दिवस स्मरण गर्‍यौं, चर्चा गर्‍यौं । त्यो दिन हेमन्तप्रकाश ओलीसँगै उभिएर मन्तव्य पनि दियौं । त्यस्तो पक्रने काम भएन किन भने खडक ओली प्रम भइसकेका थिएनन् । फागुन ६ गते विराटनगरमा युवाको सम्मेलनलाई दमन गर्ने काम भयो । हेमन्तजीहरूलाई गिरफ्तार गरियो । हामीले विरोध जनायौं । यो खड्क ओली र प्रचण्डको संकट हो भनेर पनि हामीले भन्यौं । स्वाभाविक रूपमा माओवाद मान्नेहरूको बीचमा एउटा क्रान्तिकारीहरूको खेमा निर्माण गर्नुपर्छ । स्वाभाविक र अनिवार्य रूपमा पार्टीगत एकतामा समय लाग्छ । मोहन वैद्य, विप्लव कमरेडहरूसँग आहुतिजी दस्तावेजको तयारी गर्दै हुनुहुन्छ, त्यो पढेर मात्र बुझ्न सकिने कुरा भयो । माक्क्र्सवाद-लेनिनवाद-माओवाद मान्दै नेपाली क्रान्तिको पथप्रदर्शक सिद्धान्त स्वीकार गर्नेहरूका बीचमा पार्टी एकताको लक्ष्य राखेर न्यूनतम रूपमा कार्यगत एकता र अधिकतम रूपमा तत्काल परिस्थितिको रूपमा संयुक्त मोर्चा निर्माण गर्नुपर्छ । हामी क्रान्तिकारी खेमा निर्माण गरेर अघि बढ्नुपर्छ । विप्लवजीहरू डटेर एउटा पार्टी निर्माण गरेर क्रान्ति गर्नुपर्छ भनेर लागिरहनुभएको छ । उहाँलाई पनि मानौं न संविधान भनौं भनेर मैले सिकाउन लायक हुँदैन, उहाँहरूले पनि यो संविधान मान मान साइँला भनिहाल्यो भने त्यो मान्न सक्ने कुरा भएन । हाम्रोबीचमा सम्बन्धमा ध्रुवीकरण तर कार्यगत एकता संयुक्त मोर्चाको रूपमा हुन्छ ।

➲ ***अहिले वाम गठबन्धनको सरकारले नेकपाका नेता-कार्यर्तालाई गिरफ्तार गर्ने झुट्टा मुद्दा लगाउने र शान्तिपूर्ण कार्यक्रम पनि गर्न दिइरहेको छैन, यसलाई कसरी हेर्नुभएको छ ?***

फासिवाद भनेको नारा साह्रै राम्रो दिने लोकप्रिय नारा दिने नाराभित्रबाट दमन गर्ने, आतंक मच्चाउने राज्यको चरित्र हुन्छ, यसलाई फासिवाद भन्ने गरिएको छ । यहाँ त फासिवादी रवैया भइहाल्ने भयो । हामी क्रान्तिकारी, मार्क्सवादी जो द्वन्द्ववादको दर्शन अख्तियार गर्दछौं, खुसी पनि हुनुपर्छ किनभने दमनले प्रतिरोध निम्त्याउँछ, प्रतिरोधले विष्फोट निम्त्याउँछ भने एउटा फौजी विज्ञानमा भनाइ छ । अब शान्तिपूर्ण भेला सम्मेलन पनि गर्न नपाउने हो भने खोजेको के हो, जनताले प्रश्न गर्नुपर्छ । एमालेको एउटा बुद्धिजीवीको चर्चा छ, संघीय समाजवादी र राष्ट्रिय जनता पार्टीलाई सरकारमा ल्याइहाल्ने । भारतको निर्देशन नै त्यही हो भन्ने सञ्चार जगत्मा चर्चा पाइन्छ । प्रम हुनुअगाडि नै भारतीय विदेशमन्त्री डौडेर नेपाल आएर खड्क ओलीहरूलाई त्यो भनेको, फोरम र राष्ट्रिय जनता पार्टी तिमीहरू जसरी नै भए पनि जाऊ भनेको चर्चा पनि सुनिन्छन् । अहिलेसम्मको भारतको नेपालमाथि गलत रवैया कायम छ । छिमेकीलाई उत्पीडन गर्ने रवैया नफेरेको अवस्थामा सञ्चार-माध्यममा आएका कुराहरू सही नै हुन् । पहिचान खोज्नेहरूलाई समाप्त पार्दिने र त्यसपछि माओवाद खोज्नेहरूलाई तह लगाउन खोज्ने को-को हुन् ? माओवादी खोज्नेहरूलाई दमन गर्दाखेरि विप्लव नेतृत्वको नेकपा १ नं. पर्ने भइहाल्यो ।

➲ ***अन्तमा, केही भन्नुहुन्छ कि ?***

मैले २०५० देखि एउटा कुरा नेपाली इतिहासको विशेषता सम्बन्धमा भन्दै आएको छु, त्यो बेला 'नेपालमा राज्यक्रान्ति' शीर्षकमा एउटा सानो पुस्तिका प्रकाशित भएको थियो । ती हरेक १०/१० वर्षमा नेपाल राष्ट्रिय घटनाहरू हुने गरेका छन् । क्रान्ति या प्रतिक्रान्तिको रूपमा सन् १९९७ मा ४ जना त्यो बेलाका नेताहरू सहिद हुनुभयो । त्यो नेपाली राजनीतिमा एउटा ठूलो घटना थियो । त्यसको १० वर्षपछि २००७ राणा शासन ढल्यो, संसदीय प्रजातन्त्र आयो । त्यसको १० वर्षपछि २०१७ मा त्यो प्रजातन्त्र गयो, राजाको पञ्चायती व्यवस्था आयो । त्यसको करिब १० वर्षपछि २०२८ मा झापा विद्रोह भयो, त्यसले त्यो बेलाको संसद्वादमा प्रहार गर्‍यो । त्यसको १० वर्षपछि २०३६ /०३७ मा विद्यार्थी आन्दोलन निर्दल कि बहुदल भन्ने राष्ट्रिय जनमत-संग्रह भयो । त्यसको १० वर्षपछि २०४६ मा निर्दलीय व्यवस्था गएर संसदीय बहुदलीय व्यवस्था आयो । २०५२ मा नेकपा (माओवादी) ले जनयुद्ध उद्घोष गर्‍यो । २०५२ सालले नेपाली राजनीति इतिहासलाई मोड दिएपछि २०५६/०५७ हुनुपर्नेथ्यो, यद्यपि २०५८ सालमा दरबार हत्याकाण्ड भयो तर १९९७ को निरन्तरताको उपज मात्र थिएन, त्यो २०५२ सालको उपज थियो । मुख्य त २०५२ सालको १० वर्षपछि २०६२/०६३ मा ठूलो जनआन्दोलन भयो । नेपाली जनताको राष्ट्रियता, जनावाद, जनजीविका, सामाजिक न्यायसहितको समृद्धिको आकाङ्क्षा पूरा भएको छैन । यी संसद्वादीहरूले पूरा गर्ने कुरै भएन । त्यस अर्थमा हामीले सडकबाट विभिन्न क्षेत्रबाट निर्णायक संघर्षको तयारी गर्नुपर्छ । अन्तमा, कमरेड मोहन वैद्य, कमरेड विप्लवसँग नेकपा माओवादी केन्द्र पुनर्गठन अभियानको तर्फबाट अपील गर्न चाहन्छु कि हामी विभाजित भयौं, त्यसपछि हेटौंडा एमाओवादीको महाधिवेशन भयो । त्यसले पुँजीवादी क्रान्तिको आधारभूत कार्यभार पूरा भएको बाँकी कार्यभार पूरा गर्दै समाजवादको रणनीतिमा अघि बढ्ने भयौं । त्यहाँ मेरो केही प्रश्नहरू थियो तर मैले त्यो बेला प्रचण्डद्वारा प्रस्तुत कार्यदिशालाई समर्थन गरे किनभने जनयुद्ध र संविधानसभा लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा नेपाली राजनीतिमासन् १९१७ को रुसको फेब्रुअरी क्रान्तिसरह भयो । पुँजीवादी क्रान्ति भयो । अब अक्टुबर समाजवादी क्रान्ति गर्नुपर्छ भन्ने बुझाइलाई समर्थन गरे, त्यो सही लाग्छ । अब कमरेड वैद्य, विप्लव पार्टीका कमरेडहरूलाई लाग्न सक्छ कि नेपालमा के भयो ? विप्लव कमरेडहरूले यो संविधान र संसदीय व्यवस्थाको खारेजीको जो नीति लिनुभएको छ, यो विप्लवजीको नेतृत्वमा संयुक्त मोर्चा बनाऔं, माओवाद मान्ने क्रान्तिकारीहरू र पहिचान पक्षधर हरूका बीचमा एउटा संयुक्त बनाऔं । यो काममा पार लगाउने विप्लवजी नै देखिनुहुन्छ । यो मुद्दा-मामिलामा खारेजीको निम्ति यसलाई भनौं । खड्क ओलीले एउटा भाषणमा वार्तामा आउनुपर्‍यो भने, वास्तवमा त्यो दमनको तयारी हो । यो फासिवादी षड्यन्त्र भनेर बुझिहाल्ने कुरा भइहाल्यो । ओली-प्रचण्डका सबै कुरा मान्न सकिन्न । ४/५ वर्ष तयारी गरौं । संयुक्त मोर्चा निर्माण गरौं ।

वर्ष ३, अङ्क ३९, पूर्णाङ्क १३४ रातो खबर साप्ताहिक

# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सार्थकता


सविता तामाङ

*"पुँजीवादको ध्वंस र वैज्ञानिक समाजवादको स्थापनाले मात्र नारी जातिको मुक्ति सम्भव छ।" - **क्लारा जेट्किन***

**विषय प्रवेश**

सन् १८५७ न्युयोर्क सहरको कपडा कारखानामा काम गर्ने हजारौँ श्रमिक महिलाहरूले १८ घन्टा कामको सट्टामा १० घन्टा हुनुपर्ने, समान कामको समान ज्याला पाउनुपर्नेलगायतका मागहरू राखी ठूलो आन्दोलन गरेका थिए। लामो आन्दोलनपछि श्रमिक महिलाहरूको उक्त मागलाई सम्बोधन गरिएकाले सन् १९१० मा अन्तर्राष्ट्रिय महिलाहरूको कोपनहेगनमा भएको दोश्रो अन्तर्राष्ट्रिय सम्मेलनमा महान् नेत्री क्लारा जेट्किनको प्रस्ताव पारित गर्दै, सन् १९११ देखि ८ मार्चलाई संसारभरि नै अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउन थालिएको हो। जुन आजसम्म पनि विश्वभरिका श्रमिक महिलाहरूले ८ मार्चलाई आफ्नो संघर्षको जितको रूपमा मनाउँदै आइरहेका छन्।

**अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको वर्गीय पक्षधरता**

सन् १९११ देखि नै संसारभरिका महिलाहरूले ८ मार्चलाई एउटा विजय र उत्सवको रूपमा मनाउँदै आइरहेका छन्। यसमा दुई भिन्न प्रकारका वर्गीय पक्षधरता छ।

पहिलो : विश्वभरिका श्रमिक सर्वहारा महिलाहरूले यसलाई बुझ्ने, व्याख्या गर्ने र आत्मसात गर्ने विषय। ८ मार्चलाई संसारभरका उत्पीडित श्रमिक महिलाहरूले यो दिवसलाई आफ्नो मुक्तिको प्रश्नसँग जोडेर हेरेका हुन्छन्। उनीहरूले सर्वहारावर्गीय पक्षधरतालाई यो दिवससँग जोडेका हुन्छन्। उत्पीडितवर्गको मुक्ति र परिवर्तन तथा अधिकारको समानतासँग जोडेर हेरेका र बुझेका हुन्छन्। यसले महान् नेतृ क्लारा जेट्किनले भनेजस्तै पुँजीवादको ध्वंस र वैज्ञानिक समाजवादको स्थापना गरेर मात्र नारीजातिको मुक्ति सम्भव हुन्छ भन्ने मान्यताले सही दिशानिर्देश गरेको ठहर गर्दै श्रमिक र उत्पीडित महिलाहरूले आफ्नो भूमिका त्यही कुरामा केन्द्रीकरण गर्दै आइरहेका छन्। ८ मार्चलाई श्रमजीवी, मुक्तिकामी महिलाहरूले हर्ष र उत्सवको रूपमा भन्दा पनि श्रमिक महिला मुक्तिको पेरणा र श्रमिक महिला अधिकारको मुक्तिको सही दिशाबोध र खुट्किलोको रूपमा बुझ्नुपर्दछ। श्रमिक महिला दिवसको सन्दर्भ वैज्ञानिक समाजवाद स्थापनाको विषयसँग पनि जोडिने भएकाले अनिवार्य संसारभरका श्रमिक-उत्पीडित महिलाहरूले आफ्नो समान अधिकारका लागि पुँजीवादको अन्त्य वा ध्वंसको विषयसँग पनि जोडेर हेर्नु-बुझ्नु अनिवार्य हुन्छ। त्यसैले अखिल नेपाल महिला संघ क्रान्तिकारीले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई वैज्ञानिक समाजवादको विषयसँग जोडेर यो दिवसलाई मनाउँदै आइरहेको छ।

दोश्रो : नारीवादी पुँजीवादी महिलाहरूले यसको महत्वलाई बुझ्ने र आत्मसात गर्ने विषय। उनीहरूको पक्षधरता पुँजीवादतर्फ नै केन्द्रीकरण भएकाले यसको महत्वलाई केवल एउटा तत्कालीन अवस्थाको सफलताको रूपमा मात्र हेर्ने गर्दछन्। उनीहरूले यो दिवसलाई पनि पैसासँग वा पुँजीसँग दाँजेर हेर्ने गरेका छन्। यिनीहरूले अन्तर्राष्ट्रिय श्रमिकहरूको मुक्तिसँग (८ मार्च) जोडेर हेर्न चाहँदैनन्। सम्पूर्ण खाले उत्पीडनको अन्त्यसँग यिनीहरूको कुनै सम्बन्ध रहँदैन। त्यसैले उनीहरू अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा हैन, केवल नारी दिवसको (केवल सानो विषयका) रूपमा मात्र मनाउँदै आएको पाइन्छ। यसले श्रमिक महिला तथा उत्पीडित जनतासँग जोडिने मुक्तिको सवाललाई बेवास्ता गरेको हुन्छ। यसको वर्गीय पक्षधरता भनेको पुँजीवाद वा साम्राज्यवाद वा उत्तर-साम्राज्यवादको पक्षपोषण र त्यसकै मलजल गर्ने भूमिकातर्फ नै जतिसक्दो केन्द्रित गरेका हुन्छन्, यो दृष्टिकोणको श्रमिक महिलाको उत्पीडनको अन्त्य गर्ने भूमिकासँग जोडिन सक्दैन र यो गलत छ।

**पुँजीवाद र महिला अधिकार**

पुँजीवाद आज निगम पुँजीवादमा प्रवेश गरेको छ भने, साम्राज्यवाद उत्तर-साम्राज्यवादमा प्रवेश गरेको छ। श्रमिक/उत्पीडित महिलाको अधिकारमा सबैभन्दा धैरै वाधक र अवरोधक यिनै निगम पुँजीवादीहरू र उत्तर-साम्राज्यवादीहरू नै छन्। निगम पुँजीवाद आज बहुराष्ट्रिय कम्पनीमार्फत जनतालाई उत्पीडन गर्न र आफूले सारा संसारको सम्पत्ति केन्द्रीकरण गर्न लागिपरेको छ। यो परिवेशमा महिलाहरूमाथि विभिन्न शोषण, उत्पीडन, असमानता, विभेद, यौन-शोषण र उपभोग्य वस्तुको रूपमा आजसम्म पनि पुँजीवादले प्रयोग गर्दै आइरहेको छ। हामीले सानो उदाहरण हेर्न सक्छौँ जस्तो कि अमेरिकी कम्पनी एप्पलको उत्कृष्ट उत्पादनहरू आईफोन, आईप्याड, ल्यापटपका ग्याजेटहरू अधिकांश चिनियाँ महिलाहरूले जडान गर्दछन्। ती जडान गरिएका सामानहरू ९९.९ प्रतिशत बढी मूल्यमा बिक्री गर्ने र ती जडान गर्ने महिलाहरूको ज्याला अत्यन्त न्यून स्तरको छ। उनीहरूलाई खान पुग्दैन र धैरै काम गर्नुपर्ने वाध्यता छ तर तिनै एप्पल कम्पनीका मालिक बिल गेट्स संसारकै धनीमध्येमा पर्दछन्। त्यस्तै, अन्य ठूला बहुराष्ट्रिय कम्पनीहरूमा पनि न्यूनस्तरका कामहरू गर्ने महिला नै छन्। उनीहरूलाई अत्यन्त न्यून ज्याला दिइन्छ। नेपालको सन्दर्भमा पनि गलैँचा बुन्ने, चाउचाउ प्याकेटिङ गर्ने, कपी किताब ब्यान्डिङ गर्ने, विभिन्न सिँगारका सामानहरूको मिलाउने, यहाँसम्म कि विभिन्न सहकारी/बैंक र वित्तीय संस्थाहरूसम्म अत्यधिक महिलाहरूलाई नै न्यून ज्यालामा आफ्नो पैसा संकलन गर्न राखिरहेका छन्।

आजको २१ औं शताब्दीको युगमा पनि पुँजीवादले देहव्यापारका लागि कोठी संचालन गरेर महिलाहरूलाई देहव्यापार गर्न बाध्य पारिन्छ। यहँसम्म कि पुँजीवादले महिलाहरूको कोखलाई मेसिनको रूपमा प्रयोग गरेको छ। आफ्नो बच्चा अरूको पेटमा हुर्काइन्छ, जन्माइन्छ र लगिन्छ, यसप्रकारका काममा महिलाहरू किन तयार भए होलान् ? यो सोचनीय विषय छ। अवश्य यदि महिलाहरूलाई समान अधिकार, उचित रोजगारीको व्यवस्था र सुविधा राज्यले दिने हो भने यसप्रकारका निच काम गर्न महिलाहरू तयारी हुने थिएनन्। पुँजीवादले विभिन्न तहको सुन्दरी प्रतियोगिताको नाममा महिलाहरूलाई उपभोग्य वस्तुको रूपमा प्रयोग गरिएको छ। त्यसैले महिलाको अधिकारका लागि सबैभन्दा खतरनाक र घातक प्रवृत्ति भनेको पुँजीवादी प्रवृत्तिहरू नै हुन्। जसले महिलालाई केवल उपभोग्य वस्तुका रूपमा मात्र परिभाषित गरेको छ। पुँजीवादमा वा साम्राज्यावादमा वा उत्तर-साम्राज्यवादमा महिलाहरूको अधिकार सुनिश्चित हुनै सक्दैन। त्यसैले सम्पूर्ण महिला पुँजीवादको अन्त्यका लागि एकताबद्ध हुँदै वैज्ञानिक समाजवादी व्यवस्थाका लागि संघर्षमा होमिनुपर्दछ।

**अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस र वैज्ञानिक समा( जवाद**

"इतिहासको ज्ञान भएको जे कसैलाई पनि थाहा हुनुपर्दछ कि महान् सामाजिक परिवर्तनहरू महिला विद्रोहबिना असम्भव हुन्छ।" विश्व सर्वहारावर्गका महान् नेता कार्ल मार्क्सले यो कुरा बताउनुभएको थियो। आजसम्मको संघर्षको इतिहासमा महिलाहरूको भूमिका चानचुनै छैन तर संसारभर महिलाहरू अपमानित, अपहेलित, अधिकारविहीन, समानताविहीन अवस्थामा छन। यसको लागि पुँजीवादी-साम्राज्यवादी र उत्तर-साम्राज्यवादीहरू नै अवरोधक छन्। उनीहरूलाई परास्त गरेर त्यसको स्थानमा वैज्ञानिक समाजवादी व्यवस्था अनिवार्य हुन्छ। यो गौरवपूर्ण यात्रामा संसारभरिका उत्पीडित-श्रमजीवी महिलाहरू सामेल हुने वा बनाउने कुराले महिलाको अधिकारको सुनिश्चितता हुने कुरा स्वतः जोडिएको हुन्छ। त्यसैले नै पुँजीवादको ध्वंस र वैज्ञानिक समाजवादको स्थापनाको दिशानिर्देश महान् नेतृ क्लारा जेट्किन, रोजा लग्जेम्बर्ग, जेनी मार्क्स, इलेनर मार्क्स, एन क्रुप्स्काया, च्याङचिङ, अ कोलोन्ताईलगायतका महिला नेतृहरूले गरेका थिए र त्यसको सम्बन्ध अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (८ मार्च) सँग जोडिएको छ।

हाम्रै देशको सन्दर्भमा पनि यो कुरा लागू हुने विषय हो। अहिले देशको राष्ट्रपति नै विद्यादेवी भण्डारी महिला छन्। ओनसरी घर्ती सभामुख बने। सुशीला कार्की प्रधान न्यायधिस बनिन्। पार्टीहरूमा थुप्रै महिला नेतृहरू केन्द्रीय स्तरमा नै देखिन्छन् तर किन महिलाको अधिकार सुनिश्चित हुन सकेन त ? मुख्य विषय यसैमा केन्द्रित छ। किनकि उनीहरू दलाल, सामाजिक दलाल पुँजीवादी प्रवृत्तिको प्रतिनिधित्व गर्थे। उनीहरूको वैचारिक पक्षधरता दलाल र सामाजिक दलाल पुँजीवादी थियो। दलाल तथा सामाजिक दलाल पुँजीवादीहरू जनविरोधी र महिला मुक्ति विरोधी भएका कारणले गर्दा उनीहरूले नेपालको महिलाका समस्यालाई समाधान गर्न सकेनन्। केवल पदमा बसे, सुविधाको भत्ता खाए तर महिला अधिकारका बारेमा कुनै पनि काम गरेको देखिएन। बरु बोक्सीको आरोपमा महिलाको हत्यासमेत भयो। दाइजोको नाममा छोरी-बुहारीको हत्यासम्म गरियो। त्यसैले यो दलाल संसद्वादी व्यवस्था रहेसम्म जो सुकै महिला ? जे सुकै पदमा आसिन बने पनि त्यसले महिलाको अधिकारलाई सुनिश्चित गर्न नसक्ने कुरा प्रस्टै छ।

यही कुरा विश्वस्तरमा समेत देखिन्छ। भारतमा इन्द्रिरा गान्धी २४ जनवरी १९६६ देखि २४ अप्रिल १९७७ सम्म १० वर्ष र फेरि १५ जनवरी १९८० देखि ३१ अक्टुबर १९८४ सम्म ४ वर्ष गरेर झन्डै १५ वर्ष प्रधानमन्त्रीको कुर्सीमा आसिन बनिन् तर भारतमा महिलाहरूको उत्पीडनको अन्त्य हुन सकेन। त्यस्तै बंगलादेशमा खालिदा जिया, शेख हसिना प्रधानमन्त्री बनिन् तर बंगलादेशको महिलाको उत्पीडन अन्त्य हुन सकेन। श्री लंकामा चन्द्रिकाकुमारा तुङ्गा र सिरिमाभो बन्दरानाइके प्रधानमन्त्री बने तर त्यहाँ पनि महिलाहरूको उत्पीडन हल हुन सकेन। यस्ता विश्वमा प्रशस्त उदाहरण हेर्न सकिन्छ किनकि उनीहरू पुँजीवादी नै थिए, र उनीहरूले वैज्ञानिक समाजवादी विचार/दर्शनलाई आत्मसात गरेका थिएनन्।

अब हामी सबै उत्पीडित तथा श्रमिक महिलाहरू पुँजीवादी विचार दृष्टिकोणमा अलमलिएर बस्नुहुँदैन। उनीहरूको भ्रममा पर्नुहुँदैन। हाम्रो सही विचार दर्शन भनेको वैज्ञानिक सामाजवादी विचार दर्शन हो। यसैको आधारमा हामी सम्पूर्ण उत्पीडनको हल खोज्न सक्नेछौँ। महिला मुक्ति र उत्पीडनको समस्याबाट छुट्कारा पाउने सही बाटो वैज्ञानिक सामाजवादी व्यवस्थाले नै देखाउन सक्नेछ। यही गौरवपूर्ण अभियानमा महिलाहरू सामेल हुने कुराले नै सही ढंगले (८ मार्च) अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सार्थकता प्राप्त हुनेछ र महिला मुक्तिको सवाल यसैसँग जोडिनेछ।

> *आजसम्मको संघर्षको इतिहासमा महिलाहरूको भूमिका चानचुनै छैन तर संसारभर महिलाहरू अपमानित, अपहेलित, अधिकारविहीन, समानताविहीन अवस्थामा छन। यसको लागि पुँजीवादी-साम्राज्यवादी र उत्तर-साम्राज्यवादीहरू नै अवरोधक छन्। उनीहरूलाई परास्त गरेर त्यसको स्थानमा वैज्ञानिक समाजवादी व्यवस्था अनिवार्य हुन्छ।*

# इतिहासले सत्यबाहेक सबै चीज खान्छ

**सुजन यादव**

नेपालको प्रगतिशील आन्दोलन, वामपन्थी आन्दोलन र परिवर्तनको सन्दर्भको हो। जहानियाँ राणाशासनको आन्दोलन होस् वा पञ्चायतविरुद्धको आन्दोलन होस्, सबै आन्दोलनको मूलमर्म परिर्वतन हो। २००७, २०३६, २०४६ को आन्दोलन सबै आन्दोलनको सन्दर्भ परिवर्तन अर्थात् ठोस रूपमा भन्नुपर्दा यसको लक्ष्य जनताको जीवनमा परिवर्तन नै हो तर के जनताको जीवन परिवर्तन भयो त ?

जनताको जीवनमा परिवर्तन भएन, नेताको जीवनमा परिवर्तन भयो। नेपालको सन्दर्भमा जहिले पनि यहाँको जनता क्रान्तिकारी छन्। उसले परिवर्तनको निमित्त आफ्नो हजारौँ छोराछोरी परिवर्तनका लागि आहुति दिएको छ। तर, विडम्बना भन्नुपर्छ, हरेक आन्दोलनपछि नयाँ शोषक-सामन्तको जन्म भएका छन्। एउटा आन्दोलनमा नेता आउँछ। ऊ वास्तवमा जनताको प्रतिनिधि हुन्छ, जब आन्दोलनपछि ऊ जनताको प्रतिनिधि होइन, दलाल र नोकरशाहको प्रतिनिधि बन्न पुग्छ। हेर्दा रूपमा जनताको नेता तर सारमा ऊ शोषक-सामन्तको नेता हुन्छ। २०४६ सालपछि हामी थुप्रै जनताको प्रतिनिधि भनाउँदाहरूको चरित्रको विश्लेषण गर्न सक्छौँ। २०५२ साल फागुन १ गतेपछि हामीले हेर्‍यौँ र जनताको मुक्तिकामी आन्दोलनमा हजारौँ वीर सहिदहरू सहादत प्राप्त गरे कि नेपालको वर्तमान शासन-व्यवस्था फासिस्ट सत्ता व्यवस्था हो। यो सत्ता व्यवस्थाले जनतालाई झन् गरिब र रैती बनाउँछ। यसले समस्याबाट निकास दिँदैन, झन् समस्यामाथि समस्या थोपार्छ र जनतालाई दुःखी र गरिबीको रेखामुनि लान्छ। केही मुट्ठीभर नेता-कार्यकर्तालाई अर्थात् पुरानो सत्ताको संरक्षक मात्र पैदा गर्छ। जसले झन् समस्यामाथि समस्या थोपार्छ। जनताको जीवनमा कुनै तात्विक भिन्नता ल्याउँदैन भन्दै तत्कालीन ने.क.पा. (माओवादी) ले ४१ सूत्रीय माग राख्दै यो सत्ता अर्थात् पुरानो प्रतिक्रियावादी सत्तालाई ध्वस्त पारौँ, नयाँ जनवादी सत्ताको स्थापनाको दिशामा अघि बढौँ भन्ने मूल नाराको साथ आन्दोलन सुरु गर्‍यो र नेपालको प्रतिक्रियावादी सत्ता मात्र होइन, देशी-विदेशी प्रतिक्रियावादीको मुटुमा ढ्याङ्ग्रो बज्न थाल्यो र पूरै थर्कमान हुन थाल्यो र नयाँ जनवादी सत्ताको पक्षधरहरूको विजयको सुरुआत भयो। यसैको जगमा सामन्ती शाहीसत्ता ढल्यो, राजतन्त्रको अन्त्य भयो। महान जनयुद्धको जगमा २०६२/०६३ को जनआन्दोलन सफल भएको हो। जनयुद्ध नभएको भए न यहाँ राजतन्त्रको अन्त्य हुन्थ्यो, न गणतन्त्र आउँथ्यो, न त संघीयता आउँथ्यो, न त समावेशी लोकतन्त्र, गणतन्त्र, धर्म निरपेक्षता आउथ्यो तर विडम्बना यहाँ हावादारी रूपमा प्रचार गरिँदैछ कि संघीयताको पक्षधर अझ यसको सूत्रधार मधेसवादी दल रे ! गणतन्त्रको सूत्रधार एमाले रे ! भन मधेसवादी दल बीजेपी, आरएसएसलाई गडफादर मान्छ। अझ ऊ कसरी संघीयताको सूत्रधार, जुन एमाले झापा विद्रोहपछि अझ भन्नुपर्दा मदन भण्डारीको मृत्युपछि गणगन्त्रको (ग) पनि सुन्न नचाहने एमाले अझ आधा प्रतिगमन सच्चियो भनेर ज्ञानेन्द्रको पाउमा दाम चढाएर प्रधानमन्त्री बन्न पाऊँ भनेर बिन्तीपत्र चढाउन गएको ऊ कसरी गणतन्त्रवादी हो ? जनताले यसकै उत्तर खोज्दैछन्। यो पङ्क्तिकार पनि माओवादी जनयुद्धमा होमिएका पात्र हो, यसले पनि आफ्नो नेतासँग यसको उत्तर खोज्दैँछन्। हजारौँ सहिद, बेपत्ता, सयौँको संख्यामा अहिले पनि जेल जीवन निर्वाह गरिरहेका छन्। कुनै न कुनै झुठ्ठा मुद्दा लगाएर जेलमा हालिएका छन्। यो सबैको उत्तर खोजिरहेका छन्।

अहिले नयाँ विषय सुरु भएको छ, वाम गठबन्धनको अर्थात् एउटै कम्युनिस्ट पार्टी निर्माण गर्ने सन्दर्भमा के नेपालमा एमाले कम्युनिस्ट पार्टी हो ? यसको सही उत्तर खोज्नुपर्छ। एमाले कम्युनिस्ट होइन, ऊ दक्षिणपन्थी पार्टी हो। भाषणमा क्रान्तिकारी व्यवहारमा सुधारवादी भनेको दक्षिणपन्थी हो। एमाले पुँजीवादी, एनजीओ-आईएनजीओ र निम्न पुँजीवादीहरूको पार्टी हो। त्यहाँ थुप्रो कर्पोरेट हाउसहरूको लगानी छ। भ्रष्ट कर्मचारीहरूको लगानी छ। ऊ कसरी कम्युनिस्ट पार्टी, जसले थुप्रै राष्ट्रघाती सन्धिहरूमा सहीछाप गरेका छन्। ऊ निरीह साक्षी होइन, पूरै साझेदारीका साथ सहीछाप गरी राष्ट्रघात गरेका छन्। ऊसँग कसरी वामगठबन्धन वा कसरी पार्टी एकीकरण, जुनसँग कार्यदिशा मिल्छ, नीति मिल्छ, सिद्धान्त मिल्छ, त्यससँग पो पार्टी एकीकरण हुन्छ। झन्डामा हँसिया हथौडा हुँदैमा वाम हुन्छ र ? जुन एमाले पार्टी मार्क्सवाद सही मानेमा आत्मसात् गर्दैन, उसैको पार्टी संगठन कर्पोरेट हाउसले चलाउँछ। तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारी हुँदा नेपालको बजेट एउटा व्यापारीको घरमा निर्माण भएको थियो। जुन विभिन्न पत्रपत्रिकामा आएकै विषय हो। जुन नेपाल सरकारप्रतिको ठूलो गद्दारी हो। सो कसरी राष्ट्रवादी हुन सक्छ। यहाँ राष्ट्रवादको नारा केवल भोटबैंकका निमित्त हो, जुन अहिले पनि देखियो। के.पी. शर्मा ओलीले स्थानीय चुनाव, प्रदेश र प्रतिनिधिसभाको चुनाव अगाडि पूरै अन्ध-राष्ट्रवादको नारा दिए र जनता अन्ध-राष्ट्रवादको पछाडि परे र एमालेलाई नेपालको संसदीय व्यवस्थाको ठूलो दलको रूपमा स्थापित गरिदियो तर विडम्बना गर्भभित्र राष्ट्रवाद होइन, राष्ट्रघात रहेछ। के.पी.ओली हेलिकप्टर भाडामा लिएर रसुवाको नाकामा मोनोरेल गुडाउँछु भनेर जनताको आँखामा धुलो छरे। उतातिर दिल्ली दरबारलाई सरकार बनाइहिँड्नु भनेर गुहार माग्यो, दिल्ली दरबार पनि के कम उसले आफ्नो दूत विदेश मन्त्रीलाई पठाइदियो। नेपाली राजनीतिमा ठूलो चर्चा चल्यो कि वामगठबन्धन भाँड्नका निमित्त कांग्रेसको नेतृत्वमा सरकार बनाउनका निमित्त भारतले चाल चल्यो। अब फेरि भारतीय सरकार हावी हुने भयो भनेर तर जब सोल्टीहोटलभित्र एमालेको भूतपूर्व प्रधानमन्त्रीहरू दर्शनभेटका निमित्त गए र उसले आफ्नो मुख खोल्यो। एमालेले निम्तो गरेर भारतीय विदेशमन्त्रीलाई बोलाइएको हो। त्यसपछि सत्य बाहिर आयो। अझ थुप्रै राष्ट्रघाती सन्धिहरू विकासको नाममा हुनेवाला छन्। एमाले न पहिला राष्ट्रवादी थिए, न त अहिले राष्ट्रवादी छन्। महाकाली सन्धिलगायत थुप्रै राष्ट्रघाती सन्धि गरेकै हो।

एमालेसँग माओवादीको पार्टी एकीकरणको सन्दर्भमा बढी महत्वपूर्ण उपलब्धि भयो भनेर माओवादीका केही साथीहरू उत्साहित भएका छन्। के यो एमाले माओवादीको एकता हो ? होइन, कसरी माओवादीको एकता हो ? जसरी जनमुक्ति सेनाको नेपाली सेनामा विलय भयो। त्यसरी नै माओवादी केन्द्रको एमालेमा विलय हो। जहाँ एमालेले माओवादीको अस्तित्वलाई खाइदिन्छ।

माओवादीका केही नेतालाई सत्य-निरूपण तथा मेलमिलाप आयोगको नाममा डर देखाइएको छ। अधिकांशमाथि अझ मुद्दा विचाराधीन छ। यदि, यसको सही व्यवस्थापन भएन भने जेल गइन्छ, दुःख पाइन्छ, भए भरको इज्जत मान, मर्यादा नष्ट हुन्छ। पूरै आत्म-सुरक्षावादी चिन्तनबाट ग्रसित भएका छन्। सिद्धान्ततः सहिदको सपना र आफैँले दिएको प्रशिक्षणबाट पूरै विमुख भएका छन्। पूरै हतास मानसिकताबाट ग्रसित भएका छन्। जनयुद्धका नायकहरू पूरै दक्षिणपन्थी कित्तामा उभिएका छन्। पूरै सत्ता र शासक बन्नका लागि प्रतिस्पर्धामा लागेका छन्।

यस्तो बेलामा सही क्रान्तिकारीहरू सुझबुझपूर्वक नेताहरूलाई थोरै भए पनि आलोचना र सुझाव दिइनुपर्छ कि भए क्रान्तिको उपलब्धिलाई रक्षा गर्नुपर्दछ। माओवादको आदर्शलाई झुक्न दिइनुहुँदैन। सहिदको सपना र बेपत्ताले देखाएको बाटोलाई थोरै भए पनि आत्मसात् गर्नुपर्छ।

एमालेसँगको एकतालाई रोक्नुपर्छ। अझ नेपालमा माओवादको प्रयोग र रक्षाको औचित्य सकिएको छैन। बरु यसको उपयोगको आवश्यकता छ। मालेमावादको विकासको आवश्यकता छ। सुधारवादले प्रतिगमनको झन् खतरा छ। क्रान्तिकारीहरूको अझ एकताको आवश्यकता छ। श्रमजीवी जनता सत्तानिर्माणको दिशामा अगाडि बढ्नुपर्दछ। त्यसले मात्र नेपालको सार्वभौम र राष्ट्रवादको रक्षा गर्न सक्छ।

# नयाँ आर्थिक नीति

## राजनीतिक शिक्षा विभागका कामहरू १७ अक्टुबर, अखिल रसियाली कङ्ग्रेसमा पेस गरिएको राजनीतिक शिक्षा विभागको रिपोर्ट १९२१

*सन् १९२१ मा लेनिनको नेतृत्वमा तत्कालिक सोभियत संघमा नयाँ आर्थिक नीति (The new economic police-NEP) लागु भएको थियो । उक्त नयाँ आर्थिक नीतिका बारेमा कमरेड लेनिनले १९२१ अक्टोवर २७ का दिन अखिल रसिया राजनीतिक शिक्षा विभागहरुको दोस्रो महाधिवेशनमा लामो प्रवचन दिनुभएको थियो । यसै नयाँ आर्थिक नीतिलाई सोभियत संघको समाजवादी अर्थनीतिका रुपमा बुझिने गरिएको छ । नेपालमा अहिले समाजवादी राज्य प्रणालीको बहस भइरहेको छ । यसै सन्दर्भमा समाजवादी अर्थ व्यवस्थाभित्र आर्थिक नीति कस्तो हुन्छ भन्ने बारेमा जानकारी राख्नका लागि उपयुक्त ठहरिएकाले हामीले उक्त भाषणलाई नेपालीमा भाषान्तरण गरी नियमित रुपमा प्रकाशन गर्ने भएका छौ । –* ***सम्पादक***

कमरेडहरू, म यस रिपोर्टलाई, जस्तो म बुझ्दछु, नयाँ आर्थिक नीतिमाथि र यस नीतिबाट उत्पन्न राजनीतिक शिक्षा विभागका कामहरूमाथि केन्द्रित गर्न चाहन्छु वा तिनबारे केही कुरा गर्न चाहन्छु । मेरा विचारमा ती प्रश्नबारेका रिपोर्टहरूलाई सीमित गर्नु एकदमै गलत हुनेछ जो सामान्यतः पार्टीमा वा सोभियत गणतन्त्रमा जे भइरहेको छ, त्यससम्बन्धी मूल सूचनामा प्रतिबन्ध लगाउनु तोकिएका सभालाई दिइएका कार्य क्षेत्रभित्र पर्दैनन् ।

### सोभियत सरकार वा रसियन कम्युनिस्ट पार्टी (R.C.P.) को नीतिमा आकस्मिक परिवर्तन

कमसे कम जब मचाहिँ यस्ता सूचनाको मूल्य र सबै किसिमका प्रश्नहरूमा सभाको उपयोगिताबारे अस्वीकार गर्दिनँ, तैपनि म हाम्रा धैरैजसो सम्मेलनका कार्यतालिकामा मुख्य कमजोरी के पाउँछु भने ती आफ्ना अगाडिका व्यावहारिक समस्याहरूसँग प्रत्यक्ष वा तुरुन्तै जोडिएका हुँदैनन् । यी त्यस्ता कमजोरी हुन् जसका बारेमा म बोल्न चाहन्छु ती हुन् नयाँ आर्थिक नीतिको पक्ष र त्यसको सम्बन्ध ।

नयाँ आर्थिक नीतिका बारेमा र सामान्य शर्तका बारेमा म संक्षेपमा बोल्नेछु । साथीहरू, तपाईंहरूमध्ये अत्यधिक बहुमत कम्युनिस्टको छ, यद्यपि तपाईंहरूमध्ये केही ज्यादै साना पनि हुनुहुन्छ, तपाईंहरूले हाम्रो क्रान्तिका प्रारम्भिक वर्षहरूमा हाम्रा आम नीतिलाई अगाडि बढाउन महत्त्वपूर्ण ढङ्गले मिहिनेत गर्नुभएको छ । यस कामको ठूला हिस्सामा काम गर्दागर्दै पनि तपाईं हाम्रो सोभियत सरकार र हाम्रो कम्युनिस्ट पार्टीले हामीले भन्ने गरेको नयाँ अर्थात् हाम्रो विगतको आर्थिक नीतिका सन्दर्भमा नयाँ आर्थिक नीति ग्रहण गर्नमा आकस्मिक परिवर्तन गरेको हेर्न मन पराउनुहुन्न ।

तैपनि सारमा यस नयाँ नीतिले हाम्रो अघिल्लो आर्थिक नीतिले ग्रहण गरेका भन्दा अझ धेरै पुराना तत्त्वहरू समावेश गरेको छ ।

किन ? किनभने हाम्रो अघिल्लो आर्थिक नीति, यदि हामी भरपर्दो भन्न सक्दैनौं (सामान्यतः त्यसबेला विद्यमान परिस्थितिमा हामीले कमै गणना गर्‍यौं) अनि अनुमानित खास डिग्रीमा अथवा भनौं कि हिसाब-किताब-बिनाकै खास मात्रामा, त्यसमा पुरानो रसियाली अर्थतन्त्रबाट कम्युनिस्ट धारणाअनुसारको राज्य उत्पादन र वितरण प्रणालीमा सिधै सङ्क्रमण हुनेछ ।

यदि हामीले विगतमा हामी आफैंले प्रकाशमा ल्याएका आर्थिक इतिहासको स्मरण गर्‍यौं भने, यदि हामीले रसियामा शक्ति हातमा लिनुभन्दा पहिले र त्यसपछि तुरुन्तै कम्युनिस्टहरूले के लेखे भन्ने स्मरण गर्‍यौं भने उदाहरणका लागि सन् १९१८ का सुरुतिर, जब पुरानो रसियामाथि पहिलो राजनीतिक कारबाही समाप्त भयो, जब सोभियत गणतन्त्र निर्माण भयो, साम्राज्यवादी युद्धबाट रसिया मुक्त भयो, त्यस एउटा अद्भूत विजयकालमा हाम्रो अर्थतन्त्र ध्वस्त थियो, यो साँचो हो तर त्यति सारो थिएन जति मेन्सेभिकहरू, समाजवादी क्रान्तिकारीहरू र साम्राज्यवादीहरूले दिएको सल्लाहअनुसार पितृभूमिको रक्षा जारी राख्दा रसियाले व्यहोर्नुपर्थ्यो । यदि हामीले त्यो सबै स्मरण गर्ने हो भने हामीले के बुझ्नुपर्छ भने सुरुका अवधिमा जब हामीले सोभियत सरकार निर्माणको पहिलो कदम पूरा गरेका थियौं र साम्राज्यवादी युद्धबाट भर्खर मात्र मुक्त भएका थियौं, आर्थिक विकासका क्षेत्रमा हाम्रा कामका बारेमा हामीले जे भनेका थियौं, त्यो सन् १९१८ को पछिल्लो आधा समय र १९१९ र १९२० भरिको हाम्रो कार्यभन्दा एकदमै बढी सतर्क र सावधानीपूर्ण काम थियो ।



ha nfn;]gf kl5 kmSof{s]Tof]p;sf ;ql;t n8f0Fyof] ljhosf]k'f{of; lyPg < t}klg k|Tos dfrf{df x/]s kl5x6f0 s]xL ;dosf nflu s]xL dflg;x¿nf0{cftª\ssf]sf/0f aGof] . t/ k|Tos cj;/df sf]nrs dfrf{df, 8]glsg dfrf{df, ob]lgs dfrf{df, kf]Nof0 8 dfrf{df / jf/ª\un dfrf{df Psk6s xfdL a];/L kxf/df kl//fVof}F-slxn]sfxL Ps k6seGbf a9L klg_ xfdLn]o; pvfgnf0{rl/tfy{ul/lbof}F lk6f0 vfPsf]Pp6f JolQm gvfPsf c¿ b'O{hgf a/fa/ xG5 . ;fFr}g}cfly{s dfrf{sf]sfd o'4dfrf{sf]sfdeGbf Hofb}s7Lg xG5, oBlk To;df /0fgLltsf] kf/lDes ¿k/]vfsf aLr Pp6f ;fdfGo ;dfgtf xG5 . l;w}F;fDojfbtkm{hfg]k|of;df ;g\!(@! sf j;Gtdf xfdLn]sf]nrs, 8]glsg jf lkN;'8:sLsf dfrf{df nflbPsf]s'g}xf/eGbf cfly{s dfrf{df c´ uDeL/ xf/ Joxf]of}F . of]xf/ Hofb}uDeL/ k|sf/sf]dxTTjk"0f{/ vt/gfs xf/ lyof] . of]xfdf]cfly{s gLltsf pRr txsf k|zf;sx¿sf]k[ysLs/0fdf JoQm ePsf]lyof] .

सोचविचार गर्नुपर्ने आवश्यकतातिर सङ्केत गर्थ्यो र त्यो त्यस रिपोर्टमाथि आधारित थियो । त्यो राष्ट्रिय पुँजीवादको एउटा कृषिप्रधान देशमा समाजवाद निर्माण गर्ने भूमिकालाई अनुमति दिने रिपोर्टमा आधारित थियो । त्यस रिपोर्टले आफ्नै, व्यक्तिगत, एक व्यक्तिमा अधारित जिम्मेवारीका महत्त्वमाथि जोर दिन्थ्यो । त्यसले राज्यशक्तिलाई सङ्गठित गर्ने

त्यस निर्णयले कृषि खेतीपातीतिर राजनीतिक कामबाट र सैनिक कामबाट पृथक् राज्य प्रशासनमा त्यस पक्षको महत्वमाथि जोर दिन्थ्यो ।


### हाम्रो त्रुटि

सन् १९१८ का सुरुतिर हामीलाई त्यस अवधिको अपेक्षा थियो जसमा शान्तिपूर्ण निर्माण सम्भव हुन्थ्यो । जब ब्रेस्ट शान्ति सम्झौतामा हस्ताक्षर भयो केही समयसम्म खतरा घटेको छ र शान्तिपूर्ण निर्माण सुरु गर्न सम्भव होला भन्ने लागेको थियो परन्तु हामीले गल्ती बुझेछौं किनभने सन् १९१८ मा चेकोस्लोभाक विद्रोह र गृहयुद्धको विष्फोटका रूपमा एउटा यथार्थ सैनिक खताराले हामीलाई उछिन्यो जसले हामीलाई सन् १९२० सम्म लतार्‍यो । अंशतः हामीमाथि हावी भएको युद्धको समस्याका कारण र साम्राज्यवादी युद्ध समाप्त भएपछि गणतन्त्रले प्राप्त गरेको निराशाजनक अवस्थाका कारण, यी र अन्य थुप्रै यस्तै परिस्थितिका कारण हामीले सिधै कम्युनिस्ट उत्पादन र वितरण प्रणालीमा जाने त्रुटिपूर्ण निर्णय गर्‍यौं । हामीले के ठान्यौं भने अतिरिक्त खाद्य छुट्ट्याएर राख्ने परिपाटीअन्तर्गत किसानहरूले हामीलाई पर्याप्त मात्रामा अनाज दिनेछन्, जसलाई हामी फ्याक्ट्रीहरूमा वितरण गर्नेछौं र त्यसरी कम्युनिस्ट उत्पादन र वितरण प्राप्त गर्नेछौं । हामीले यस योजनालाई त्यसैगरी यति सुनिश्चित रूपले र यति स्पष्ट रूपले चित्रित गर्‍यौं भनेर म भन्न सक्दिनँ, परन्तु हामीले त्यस लाइनमा हचुवा/अनुमानित ढङ्गले काम गर्‍यौं । दुर्भाग्यले त्यही यथार्थ हो । दुर्भाग्य भनेर म किन भन्छु भने सानो अनुभवले हामीलाई त्यो लाइन गलत हो भन्ने विश्वस्त पार्‍यो । यो त्यसका विरुद्ध गयो जसलाई हामीले पुँजीवादबाट समाजवादमा सङ्क्रमणका बारेमा पहिले नै लेखिसकेका थियौं । अर्थात् साम्यवादको न्यूनतम तह प्राप्त गर्नमा समाजवादी दायित्व र नियन्त्रणका अवधिलाई उपेक्षा गर्न असम्भव हुनेछ । सन् १९१७ पछि, जब शक्ति हातमा लिने समस्या उठ्यो र यसलाई बोल्सेभिकले सम्पूर्ण जनतासमक्ष व्याख्या गरे हाम्रो सैद्धान्तिक साहित्यले निश्चित रूपमा समाजवादी दायित्व र नियमनद्वारा पुँजीवादी समाजबाट (अनि सङ्क्रमणको बढी लामो समय लियौं भने कम विकसित) साम्यवादी समाजका पद्धतिहरूमध्ये एउटातर्फ एउटा लामो जटिल सङ्क्रमणको आवश्यकतामाथि दबाब दिंदै थियो ।

### एउटा रणनीतिक पश्चगमन

त्यतिबेला जब गृहयुद्धको ताप थियो, हामीले आर्थिक सङ्गठनमा आवश्यक कदम चाल्न पर्थ्यो, सायद त्यो बिर्सियो । निचोडमा हाम्रा नयाँ आर्थिक नीतिले यस बिन्दुमा गम्भीर हार खानुपरे पनि हामीले एउटा रणनीतिक पश्चगमन सुरु गर्‍यौं भन्ने सङ्केत गर्छ । परिणमतः हामीले भन्यौं : पूर्णतः जरा गाड्नुभन्दा पहिले हामी पछि हटौं र हरेक कुरालाई पुनर्गठित गरौं तर दृढ आधारमा । यदि कम्युनिस्टहरूले नयाँ आर्थिक नीतिका प्रश्नलाई स्पष्टतः परीक्षण गरे भने तिनका दिमागमा अंश मात्र पनि शङ्का रहन सक्दैन कि हामीले आर्थिक मोर्चामा एउटा गम्भीर हार व्यहोरेका छौं । वास्तवमा, यस्तो परिस्थितिमा केही मानिस निराश हुनु अपरिहार्य छ । झन्डै आतङ्कित हुने र पश्चगमनका कारण ती मानिसहरू आतङ्कमा परिणत हुनतिर लाग्नेछन् । त्यो निश्चितप्रायः छ । जब लालसेना पछि फर्क्यो के त्यो उसका सत्रुसित लडाइँ थियो, विजयको पूर्वाभ्यास थिएन ? तैपनि प्रत्येक मोर्चामा हरेक पछिहटाइ केही समयका लागि केही मानिसहरूलाई आतङ्कको कारण बन्यो । तर प्रत्येक अवसरमा कोलचक मोर्चामा, डेनिकिन मोर्चामा, युदेनिक मोर्चामा, पोल्याण्ड मोर्चामा र वारङ्गल मोर्चामा एकपटक हामी बेसरी प्रहारमा परिराख्यौं (कहिले काहीं एक पटकभन्दा बढी पनि) हामीले यस उखानलाई चरितार्थ गरिदियौं : पिटाइ खाएको एउटा व्यक्ति नखाएका अरू दुईजना बराबर हुन्छ । साँच्चै नै आर्थिक मोर्चाको काम युद्धमोर्चाको कामभन्दा ज्यादै कठीन हुन्छ, यद्यपि त्यसमा रणनीतिको प्रारम्भिक रूपरेखाका बीच एउटा सामान्य समानता हुन्छ । सिधै साम्यवादतर्फ जाने प्रयासमा सन् १९२१ का वसन्तमा हामीले कोलचक, डेनिकिन वा पिल्सुडस्कीका मोर्चामा लादिएको कुनै हारभन्दा आर्थिक मोर्चामा अझ गम्भीर हार व्यहोर्‍यौं । यो हार ज्यादै गम्भीर प्रकारको महत्त्वपूर्ण र खतरनाक हार थियो । यो हाम्रो आर्थिक नीतिका उच्च तहका प्रशासकहरूको पृथकीकरणमा व्यक्त भएको थियो । क्रमशः

# सलमान खान सम्मिलित कार्यक्रमको विरोध गर्नुपर्नाका कारणहरू


खेम थपलिया

**आमुख**

नेपाल कम्युनिस्ट पार्टीनिकट अखिल नेपाल जनसांस्कृतिक महासङ्घले फागुन १५ गते प्रेस विज्ञप्तिद्वारा नेपालको राजधानीमा अवस्थित सैनिक मञ्चमा फागुन २६ गते अर्थात् मार्च १० मा आयोजना गरिएको भारतीय अभिनेता सलमान खान सम्मिलित 'दबंग द टुर नेपाल' कार्यक्रमको सशक्त विरोध गर्‍यो । महासङ्घको आधिकारिक विज्ञप्ति सार्वजनिक भएपछि नेपाल, भारत तथा पाकिस्तानी सञ्चार-माध्यमहरूमा यसले महत्वका साथ प्राथमिकता पायो । सलमान खान सम्मिलित 'दबंग द टुर नेपाल' कार्यक्रमका विरुद्ध नेपाल र नेपाली जनता एकढिक्का भएर उभियो । अन्ततः फागुन १८ गते उक्त कार्यक्रमका आयोजक 'ओडीसी इन्टरटेनमेन्ट' सो कार्यक्रम स्थगित गर्न बाध्य भयो । नेपालको मौलिक सांस्कृतिक मूल्यको उत्खनन् तथा भारतीय साम्राज्यवादी संस्कृतिका प्रतिरोधस्वरूप उठेको यो अभियानले नेपालमा मात्र नभएर भारतीय तथा चिनियाँ बौद्धिक तथा प्राज्ञिकवृत्तमा पनि मनग्गे छलफलको आयातन विस्तारित भएको छ । मूलतः त्रिदेशीय (नेपाल, भारत र चीन) बहसको रूपमा उठेको यो विषय नेपालको सांस्कृतिक आन्दोलनको नयाँ र गुणात्मक उचाइ हो । नेपालमा भारतीय कलाकार सलमान खान सम्मिलित 'द बंग द टुर' कार्यक्रमको सशक्त विरोध र प्रतिरोध गर्नुपर्नाका निम्न कारणहरू रहेका छन् :

**नेपालमाथि भारतीय सांस्कृतिक हस्तक्षेप**

नेपालमा भारतीयहरूको हस्तक्षेपको विविध आयम रहेका छन् । नेपालमा निकै लामो समयदेखि भारतीय सांस्कृतिक हस्तक्षेप हुँदै आएको कुरा जगजाहेरै छ । नेपाली जनताले त्यसको आ-आफ्नै सोपक्षतामा विरोध र प्रतिरोध गर्दै आएका पनि छन् । नेपालको समकालीन राजनीतिक परिस्थिति गम्भीर परिस्थितिका बीचबाट गुज्रिरहेको बेला, अत्यासलाग्दो नेपाली राजनीतिले जीवनका अनगिन्ती क्षेत्रमा पनि गम्भीर असर पुऱ्याएकै सन्दर्भमा जनताका लेखक-कलाकारहरू आ-आफ्ना विचारधारात्मक क्षेत्रमा अहोरात्र खटिरहेका छन् । नेपालमाथि बढ्दो वैदेशिक सांस्कृतिक अतिक्रण रोकन राष्ट्रभक्त, जनसंस्कृतिप्रेमीहरू एकजुट भइरहेका छन् । लामो समयदेखि नेपालमा पश्चिम तथा दक्षिण क्षेत्रबाट (मूलतः भारतीय) भइरहेको राजनीतिक अतिक्रमणका साथै, समय-समय सांस्कृति अतिक्रमण हुँदा आम सर्वसाधारणले त्यसलाई डटेर विरोध गरेको र आवश्यक पर्दा सडकमै आएर बलिदान दिएको समेत विगतको इतिहास जीवितै छ । यो बलिदानको इतिहास हाम्रा लागि अमूल्य प्रेरणा हुन् । नेपाली संस्कृतिको अपमान हुनेगरी गर्न लागिएको सो कार्यक्रमको विरोध र सशक्त प्रतिरोधको गर्नुको कुनै विकल्प थिएन । त्यसैले यसको सशक्त विरोध र प्रतिरोध भयो । 'बलिउड सुपरस्टार दबंग द टुर' भारतीय शासक वर्गले विश्वभर 'भारतीय कलाकार श्रेष्ठ र भारतीय कला श्रेष्ठ हो' भन्ने कुरा स्थापित गराउन विकास गरिएको कार्यक्रम हो । यो कार्यक्रम अन्य देशमा पनि देखाइएको छ र देखाउँदै जाने योजना पनि उनीहरूको देखिन्छ । नेपालमा पनि 'भारतीय कलाकार श्रेष्ठ र भारतीय संस्कृति (कला) श्रेष्ठ' भन्ने जबर्जस्ती मनोविज्ञान फैलाउनु भनेको सिधा-सिधा नेपाल र नेपाली जनतामाथिको आक्रमण गर्नु हो । भारतीयहरू उनीहरूका ठाउँमा 'श्रेष्ठ' होलान् र तर नेपाली कलाकार र नेपाली कला नेपालमा श्रेष्ठ छन् । यसको प्रमाण कोही कसैले दिइरहनुपर्दैन । भारतीय साम्राज्यवादको यसप्रकारको सांस्कृतिक अतिक्रमणका विरुद्ध नलड्ने त नेपाली नै हुन सक्दैन । त्यसैले, भारतीय अभिनेता सलमान खान सम्मिलित कार्यक्रम 'बलिउड सुपरस्टार दबंग द टुर' कार्यक्रमको विरोध गर्नुपरेको हो ।

**नेपाली कला, कलाकार र राष्ट्रियतामाथि ठाडो हस्तक्षेप**

काठमाडौँमा अवस्थित नेपाली सैनिक मञ्चलाई समेत प्रयोग गरेर भारतीय कलाकार ल्याई कार्यक्रम आयोजना गर्ने विषय सामान्य परिघटना थिएन, यो असमान्य परिघटनाले हाम्रो सांस्कृतिक सङ्गठन अखिल नेपाल जनसांस्कृतिक महासङ्घको गम्भीर ध्यानाकर्षण भयो पनि । नेपालमाथि भारतीय राजनीतिक मात्रै होइन, सांस्कृतिक अतिक्रमण समेत तीव्र पारिएको बेला नेपाली जनता आफ्नो राष्ट्रियताप्रति कत्तिको संवेदनशील छन् भनेर जाँच्ने भित्री उद्देश्य भारतीय कलाकार काठमाडौं उतार्ने विशेष योजनाअन्तर्गत हुन लागेको 'बलिउड सुपरस्टार दबंग द टुर' नामक योजनाअन्तर्गतको सांस्कृतिक कार्यक्रम तत्काल खारेज गर्नुको कुनै विकल्प नै थिएन । यो कार्यक्रममा सहभागी नहुने र गीत पनि नगाउने भनेर कतिपय नेपाली कलाकारहरूले विरोध पनि जनाउनुभयो । यो कार्यक्रमले स्वाभिमानी नेपाली कलाकारमाथि गहिरो चोट पुऱ्यायो । सो कार्यक्रम रोकिएपछि नेपाली कलाकारहरूले सार्वजनिक गरेका टिप्पणीबाट पनि यो कुरा प्रमाणित भएको छ । यो कार्यक्रमको विरोध गरेर हामी नबोलेको भए, सो कार्यक्रम नरोकिएको भए फेरि एकपटक नेपाल र नेपाली जनताको शिर निहुरिने थियो । एकपटक फेरि हामीले नेपाल र नेपाली जनताको शिर ठाडो पार्ने अभियानमा एक चरणको सफलता प्राप्त गरेका छौं । यसमा द्विविधा मान्नुपर्ने कुनै कारण छैन । त्यसैले नेपाली कला, नेपाली कलाकार र नेपाली राष्ट्रियता गम्भीर हस्तक्षेप भएकोले यो कार्यक्रमको विरोध गर्नुपरेको हो ।

**मातृभूमिको छाती (टुँडीखेल) मा विदेशी कलाकारको नाङ्गो नाच**

नेपाली कलाकारहरू पनि विदेशमा गएर गरेको विभिन्न सांस्कृतिक कार्यक्रम गरिरहेका हुन्छन् । आजको विश्वमा कुनै पनि राष्ट्रमा मानिसहरू विभिन्न कारण पुगेका हुन्छन् । भारतीय कलाकार मात्र होइन, नेपाली कलाकार पनि विश्वका विभिन्न देशमा गएर सांस्कृतिक कार्यक्रम गरेका छन् । तर, नेपाली कलाकारहरू जहाँ-जहाँ गएर सांस्कृतिक कार्यक्रम गर्दछन्, त्यहाँ-त्यहाँ अधिकांश नेपाली दर्शकले मात्र कार्यक्रम हेर्ने गरेका छन् । विदेशबाट कलाकारहरूले ल्याउने पैसा नेपाली दर्शकहरूबाटै हो, अन्यबाट होइन । तर सलमान खान नेपालमा आउँदा उनको कार्यक्रम हेर्ने दर्शक अधिकांश नेपाली नागरिक हुन् । उनले नेपाली दर्शकको पैसा लैजाने हुन् । यो कुरा सामान्य छैन । कला, साहित्य, संस्कृतिको भूगोल हुँदैन भन्ने कुरा गर्नेहरूलाई ययो तथ्यले सटिक जवाफ दिएको छ । यो कुरा पनि सही हो कि नेपालमा विइङ ह्युमनको नामबाट सामानहरू बिक्री गर्दै भारतीय जनताको लागि सहयोग गर्दै आएको संस्था हो । यो कुरा पनि सही हो कि भारतीय अभिनेता खान नेपाली जनताका लागि समेत प्रिय कलाकार हुन् । कलाको हिसाबले उनी निकै लोकप्रिय छन् तर त्यसो भन्दैमा हाम्रो राष्ट्रियताको रक्षा र संवर्द्धनका लागि उनीसँगै आउने सांस्कृतिक अतिक्रमण हामीलाई स्वीकार्य छैन । सो कार्यक्रमका आयोजकले कतिपय वैधानिक प्रावधान पनि पूरा गरेका थिएनन् । जिल्ला प्रशासन कार्यालय, काठमाडौंको स्वीकृति नै नलिई, जङ्गीअड्डा, भद्रकालीबाट टुँडीखेलमा कार्यक्रम गर्ने इजाजत नै नलिई देशव्यापी उक्त स्थानको प्रचार-प्रचार गरिनु उनीहरूको नितान्त जबर्जस्ती र हेपाहा प्रवृत्ति हो । हामी नेपाली गरिब हुन सकौंला तर हाम्रो स्वाभिमान सगरमाथाजत्तिकै उच्च छ । त्यसैले मातृभूमिको छातीमा विदेशी नग्ननृत्य हामीलाई सर्वथा अमान्य थियो र हामीले यसको सशक्त विरोध गऱ्यौं ।



भारतीय कलाकार मात्र होइन, नेपाली कलाकार पनि विश्वका विभिन्न देशमा गएर सांस्कृतिक कार्यक्रम गरेका छन् । तर, नेपाली कलाकारहरू जहाँ-जहाँ गएर सांस्कृतिक कार्यक्रम गर्दछन्, त्यहाँ-त्यहाँ अधिकांश नेपाली दर्शकले मात्र कार्यक्रम हेर्ने गरेका छन् । विदेशबाट कलाकारहरूले ल्याउने पैसा नेपाली दर्शकहरूबाटै हो, अन्यबाट होइन । तर सलमान खान नेपालमा आउँदा उनको कार्यक्रम हेर्ने दर्शक अधिकांश नेपाली नागरिक हुन् । उनले नेपाली दर्शकको पैसा लैजाने हुन् ।

**अत्यासलाग्दो भारतीय सांस्कृतिक बजारीकरण**

भारतीय कलाकार मात्र होइन, विश्वका कुनै पनि देशका कलाकारहरूलाई नेपाल आऊ-जाऊमा हाम्रो कुनै अवरोधको नीति छैन । आज नेपाली चाडपर्व, संस्कृतिको तीव्र बजारीकरण गरिएको छ । तीज, दसैं, तिहारलगायत सबै सन्दर्भमा बजारको उत्पात मच्चिन्छ । चाडपर्व, सांस्कृतिक कार्यक्रम आदि इत्यादिमा धनी वर्गको बर्चस्व हवात्तै बढेको छ । यसले आर्थिक रूपमा पछाडि रहेका नागरिकको स्वाभिमानमा गम्भीर असर पुऱ्याएको छ । आज संस्कृतिलाई नाफा गर्ने, व्यापार गर्ने साधन बनाइएको छ । हामी यसप्रकारको चिन्तन-व्यवहारको विरोध र प्रतिरोध गर्दछौं । सलमान खान विशुद्ध मदिराको प्रवर्द्धनको लागि (भन्नलाई त पर्यटन प्रवर्द्धनका लागि भनिएको) नेपाल आएर प्रतिव्यक्ति २० हजार रुपैयाँको टिकट कटाउने कार्य नेपाली अर्थतन्त्रलाई समेत धरासायी बनाउने निश्चित थियो । नेपालका सहरमा मात्र होइन, गाउँ-गाउँमा ठूलठूला होर्डिङ बोर्ड राखिएको छ । राजमार्गमा पूरै होर्डिङ बोर्डैबोर्डले छोपिएको छ । यत्रो पैसा कहाँबाट आयो ? काठमाडौंलगायत देशका ठूला सहरहरूमा सयौं महङ्गा होटेल बुकिङ गरेर टुबोर्ग वियर खाने प्रतिस्पर्धा गराएर आयोजकले गर्न खोजेको के हो ? यतिवटा वियर खाएपछि यति हजारको टिकट फ्री भनेर सहरमा उत्पात मच्चाइएको छ। यसले हाम्रो युवापुस्तालाई कहाँ पुऱ्याउँछ ? यो कार्यक्रमले नेपाली जनताको घर-घरमा झगडा सुरु गरायो । छोरोछोरीले महङ्गो टिकट किन्ने पैसा आ-आफ्ना अभिभावकसित मागदा घर-झगडा सिर्जना भयो । सो कार्यक्रम रोकिएपछि सयौं अभिभावकले हामीलाई फोन गरेर धन्यवाद दिनुभएको छ । त्यसकारण हामीले 'ओडिसी इन्टरटेनमेन्ट' को आयोजनामा हुन लागेको उक्त कार्यक्रम तत्काल रोक्न सरोकारवाला सबैलाई आग्रह गऱ्यौं र कार्यक्रम स्थगन हुन पुग्यो । विनासकारी भूकम्पले सिङ्गो राष्ट्र पीडा र शोकमा डुबेका बेला दुई शब्द सहानुभूति व्यक्त नगर्ने कलाकार खानका लागि नेपाली जनताबाट करोडौं रकम खर्चनु राष्ट्रघात त हुँदै हो, नेपाली कला र कलाकारमाथिको ठूलो अपमान पनि हो । नेपालको स्वाभिमानको रक्षार्थ एवम् भारीय सांस्कृतिक बजारीकरणका विरुद्ध सलमान खानसहित भारतीय कलाकारको नेपालमा हुने भनिएको कार्यक्रम रोक्न अनिवार्य थियो । हामीलाई यो कुरा पनि थाहा छ कि कलाकार सलमान नेपालको असाध्यै माया लागेर आउन लागेका थिएनन्, उनको एक मात्र मूल उद्देश्य नेपाली सांस्कृतिक बजारीकरण गर्नु थियो । त्यसकारण हामीले यो कार्यक्रमको विरोध गऱ्यौं ।

**मदिराजन्य वस्तुको व्यापक प्रचार-प्रसार**

आज संसारभर रक्सीको साम्राज्य छ । नेपाल पनि यसबाट अछुतो छैन । नेपाल कृषिप्रधान देश भएर पनि यहाँ गाई-भैंसीको दूधको खोलो होइन, यहाँ रक्सीको खोलो बग्छ, बगाइन्छ । नेपाली समाजमा घटेका अधिकांश हिंसाजन्य-अपराधजन्य घटनाको मूल कारण रक्सी-मदिरा नै रहेको कुरा विभिन्न तथ्यले पुष्टि गरेकै छ । के यो कुराले नेपालीको मन दुख्दैन ? हाम्रो समाज कता जान लागिरहेको छ ? हामी कहाँ छौं ? विघटित हुँदै गएको नेपाली समाजलाई अझै तीव्र रूपमा विघटन गराउने गरी फेरि पनि भारतीय कलाकार सलमान आफ्ना केही भारतीय कलाकारहरूका साथ रक्सीको प्रमोसनका लागि नेपाल आउँदा जनता खुसी हुने कुरै थिएन । रक्सी (टुबोर्ग वियर) को प्रोमोसनका लागि बीसौं हजारको टिकट बेचेर कार्यक्रम गर्ने कुरा हामीलाई सर्वथा अमान्य थियो र छ । नेपाल राष्ट्रलाई ७० करोड राजस्व ठगी गरेको प्रचार भइरहेको सन्दर्भमा फेरि यही वियर कम्पनीले यत्रो र यस्तो कार्यक्रमको प्रायोजन गर्नु उदेकलाग्दो कुरा हो । नेपाली कलाकारहरूलाई उपेक्षा गरेर विदेशीलाई करोडौं तिरेर राजधानीको मुटुमा रक्सीको लोगो छापिएको गन्जी लगाएर उन्मत्त ढङ्गले नेपाली युवा-युवतीलाई नचाउने कुरा कुनै पनि हालतमा मान्य हुन सक्दैन । मदिराजन्य वस्तुको व्यापक प्रचार-प्रसार गरेर नेपाली समाज र नेपाली युवा-मनोविज्ञानलाई ध्वस्त पार्ने उद्देश्यका साथ हुन लागेको उक्त कार्यक्रमको हामीले विरोध गर्नुपरेको हो ।

**नेपाली र नेपाली जनताप्रति असहिष्णु सलमान**

कतिपय सन्दर्भमा व्यक्तिका व्यक्तिगत गुण वा स्वभावले पनि काम गरिरहेको हुन्छ । सलमान खानको स्वभाव नेपाल र नेपाली जनतामैत्री देखिएन । २०७२ वैशाख १२ गतेको भूकम्पमा परेर हजारौं नेपालीले ज्यान गुमाए । भौतिक सम्पत्ति नोक्सानको लेखाजोखा गर्न कठीन भयो । नेपाल र नेपाली जनतामाथि आइपरेको त्यस्तो भयानक विपत्तिका बीच विश्वप्रसिद्ध फुटबलर मेस्सीदेखि रोनाल्डोसम्मले सहयोगको घोषणा गरे नेपाल-भारतबीच रोटी-बेटीको सम्बन्ध रट लगाइरहने भारतीय कलाकार सलमान खान भने त्यतिबेला नेपाल र नेपाली जनताका विरुद्ध खनिए । भारतीय सरकारले नेपालमाथि उल्टै नाकाबन्दी लगाएर नेपाल र नेपाली जनताका पीडामाथि नुन-चुक थप्ने काम गऱ्यो । संसारभरबाट नेपाल र नेपाली जनताको दुःख र पीडामा साथ सहयोग प्राप्त भइरहेका बेला भारतीय कलाकार सलमान खानले आफ्नो सामाजिक सञ्जालमा यतिसम्म लेख्न भ्याए- 'हामीले भूकम्प पीडित नेपालीलाई सहयोग गरेका छैनौं र सहयोग गर्ने तत्काल कुनै कार्यक्रम पनि छैन ।' उनले सहानुभूतिका दुई शब्दसमेत खर्चने प्रयास गरेनन् । अहिले उनै सलमान खान नेपाल र नेपाली जनताको आर्थिक र सांस्कृतिक समृद्धिका लागि नेपाल आउन लागेको भन्ने कुरा जत्ति हास्यास्पद र नौटङ्की अरू के हुन सक्छ ! हामी यस्ता नौटङ्कीको विरोधी हौं, निरन्तर विरोध र प्रतिकार गरिरहन्छौं ।

**भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवादको प्रतिरोध**

समकालीन विश्वमा संस्कृति साम्राज्यवादको महत्वपूर्ण हतियार बनेर आएको छ । उनीहरूले विश्वव्यापी रूपमा आफ्नो पकड जमाउन तथा आफ्नो शोषण-दोहनको अविच्छिन्न प्रक्रिया कायम गर्न सांस्कृतिक भूमण्डलीकरण गरेका हुन्छन् । अहिले पनि विश्वभर विभिन्न रूपमा 'अघिअघि बाइबल पछिपछि सेना' साम्राज्यवादी नीति कायमै देखिन्छ । धर्म, भाषा, विचार, कला-साहित्य, शिक्षा आदि संरचनाका माध्यमबाट मानिसको सांस्कृतिक सत्ता कब्जा गर्नुपर्छ भन्ने यसको अन्तर्य हो । यो दार्शनिक रूपमा उत्तर आधुनिकतावादी चिन्तनधारा-व्यवहारधारासित सम्बन्धित छ । भारतीय साम्राज्यवादको कुरा पनि यही हो, उसले पनि नेपालको भाषा, धर्म, विचार, शिक्षा, संस्कृति आदिलाई भारतीयकरण गर्ने कार्यलाई मुख्य प्राथमिकतामा राखेको छ । फलस्वरूप भारतले आफ्नो टीभी च्यानल, फिल्म, सञ्चार माध्यममार्फत् नेपालमा सांस्कृतिक सत्ता कब्जा गर्न खोजिरहेको छ । भारतीयहरू नेपालमा भारतीय नायक-नायिका, भारतीय सभ्यता र परम्परा, भारतीय नेता, भारतीय व्यवस्था महान् हुन् भन्ने मनोविज्ञान निर्माण गर्न तल्लीन छन् । सलमान खान सम्मिलित कार्यक्रम यसैको पछिल्लो कडी हो । भारतीयहरूको यसप्रकारको कुटिल चालबाजीका विरुद्ध तथा राष्ट्रिय संस्कृतिको पक्षमा सामूहिक रूपमा सङ्घर्ष गर्नु आवश्यक छ । भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवादको प्रतिरोधी हुनुको शक्तिको नाताले भारतीय सांस्कृतिक साम्राज्यवादको पनि सशक्त विरोध र प्रतिरोध गर्नु हाम्रो कर्तव्य हो । जनसंस्कृति हाम्रो आदर्श भएको र यही आदर्शका खातिर कृष्ण सेन 'इच्छुक' सहित १७० भन्दा बढी संस्कृतिकर्मीले बलिदान दिएको तथा भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवाद हाम्रो प्रहारको निशाना भएकोले पनि हामीले यो कार्यक्रमको विरोध गरेका हौं ।

अन्त्यमा,

भारतीय अभिनेता सलमान खान सम्मिलित ' दबंग द टुर नेपाल' कार्यक्रममा रक्सीको टिसर्ट लगाएर टुँडीखेलमा नेपाली किशोर-किशोरीलाई उफार्ने दुष्प्रयासप्रति हाम्रो मात्र होइन, सिङ्गो देशको गम्भीर आपत्तिको कुरा थियो र हो । हाम्रो सङ्गठन भारतीयहरूको यसप्रकारको गलत नियत तथा नीतिको निरन्तर तीव्र विरोध, भर्त्सना एवम् प्रतिरोध गर्दै आएको छ र गरिरहनेछ । हाम्रो सङ्गठन यसप्रकारको भूमण्डलीकृत सांस्कृतिक साम्राज्यवादको जस्तोसुकै तरिकाले पनि प्रतिरोध गर्न तयार छ । हामी यो वा त्यो वहानामा फेरि पनि भारतीय कलाकार सलमान खानलाई यही र यस्तै गलत कार्यक्रमको वहाना बनाएर नेपाल नआउन, उनको कार्यक्रमका आयोजक ओडिसी इन्टरटेनमेन्टलाई उक्त कार्यक्रम नगर्न तथा आम नेपाली जनतालाई महङ्गो मूल्य तिरेर सो कार्यक्रमको टिकट नकिन्न हार्दिक अपील गर्न चाहन्छौं । जबर्जस्ती गर्न खोजिए त्यसको प्रतिकार पनि सोहीअनुरूप जबर्जस्ती नै हुनेछ । नेपाली राजनीतिक दलहरूलाई सार्वजनिक आमसभा गर्न नदिने तर भारतीय कलाकारलाई सधैँ मञ्च खुल्ला गर्ने नेपाली सेनाको सैनिक मञ्चमा विदेशी कलाकार नचाउने परम्पराको अब सदाका लागि अन्त्य हुनैपर्दछ ।

२९ फागुन, २०७४

## कविता

### प्रतिबन्ध


कृष्ण सेन 'इच्छुक'

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुन्ड्याउँदै
तिमी भन्छौ- गाऊ न त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौँ ।

हाम्रा विचारमा प्रतिबन्ध लाउँदै
हाम्रा हातहरूमा हत्कडी पहिऱ्याउँदै
तिमी भन्छौ- लेख्न त लेख
तर यो गीत नलेख
हामी भने त्यही गीत लेखिरहन्छौँ ।

हाम्रा आस्थाहरूमा प्रतिबन्ध लाउँदै
हाम्रा खुट्टाहरूमा नेल भिराउँदै
तिमी भन्छौ- हिँड्न त हिँड
तर यो बाटो नहिँड
हामी भने त्यही बाटो हिँडिरहन्छौँ ।
ओ शासक-प्रशासकहरू !
अस्वीकार्य छ हामीलाई
तिम्रा निरङ्कुश आदेशहरू
तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर
तिमी जतिसुकै जुलुस र उत्पीडनहरू सुरु गर
सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ
र, सत्यलाई कैद गर
तर, ओ तानाशाहहरू !
तिम्रा बर्बर स्वेच्छाचारका विरुद्ध
हामी भने निरन्तर आवाज उठाइरहन्छौँ ।
उठाइरहन्छौँ हामी तिम्रा विरुद्ध सङ्घर्षका हातहरू
कसिरहन्छौँ हामी तिम्रा विरुद्ध विद्रोहका मुट्ठीहरू
ओ, अत्याचारका पहरेदारहरू ! अन्तिम जित हाम्रै हो
तिम्रो हारमाथि विजयको झन्डा गाड्दै
हामी भने अथक र अविचल
अन्तिम युद्ध लडिरहन्छौँ ।

## गजल

■ सिकेन्द्र कास्याप

क्रान्तिकारी स्वाभिमानलाई झुक्न दिन्नँ म
मैले ताक्ने तिरको निशान चुक्न दिन्नँ म ।

वीर नेपाली नाम छ मेरो गोर्खालीको छोरो
कायर भई कुना पसी लुक्न दिन्नँ म ।

समरमा वीरको गाथा बहादुरले लेख्छ
हार हैन जितको विश्वास टुट्न दिन्नँ म ।

फराकिलो मेरो छाती पहराझैं अटल
दुश्मनको बम बारुदले फुट्न दिन्नँ म ।

श्रमको मूल्य लुटिखाने शोषक सामन्तीलाई
गरिबको खुन पसिना चुस्न दिन्नँ म ।

जनवादी जनयुद्धमा धरती भिजाउने
सहिदको रगत त्यसै सुक्न दिन्नँ म ।

एकीकृत जनक्रान्तिको महान् विचारभित्र
दलाल र फटाहालाई घुस्न दिन्नँ म ॥

## सबै युवा विद्यार्थी ...

र अन्धकारलाई हटाएर उज्यालो बनाउन र वैज्ञानिक ज्ञानको चेतना जनतामा भर्न आवश्यक रहेको भन्दै त्यही परिवर्तनका लागि जनयुद्ध भएको र जनयुद्धका उपलब्धि गुमेकाले अहिले देशको अवस्था भयावह रहेको उल्लेख गर्नुभयो ।

जनपरिषद् प्रमुखसमेत रहनुभएका सन्तोष संसदीय व्यवस्था भएको अन्तिम दुश्य हेर्न बाँकी रहेको बताउँदै फिल्मको तीन भागझैँ पहिलो भाग १० बर्से जनयुद्ध, जनयुद्धका त्यतिखेरका नायक मरिसकेको, खलनायकहरूले किनिसकेको, अपहरण भइसकेको र दोस्रो भाग १० बर्से शान्ति पिरियड हो, त्यो मध्यान्ह थियो । अब अर्को दृश्य लड्न बाँकी छ, त्यो नायकको नेतृत्वमा अन्तिम दृश्यको नायक तपाईं-हामी आफैं बन्नुपर्नेछ । कोही किसानको भूमिका, कोही बुद्धिजीवीको भूमिका खेलौँला, कोही सेनाको भूमिकामा, त्यसले मात्र क्रान्तिलाई पूरा गर्नेछ । त्यो अन्तिम दृश्यको नायक बन्न आह्वान गर्नुभयो ।

२१ वटा तोप पट्काएर उद्घाटन भएको सम्मेलनलाई नेकपाका पोलिटब्युरो सदस्य ओम पुन, अखिल नेपाल महिला संघ क्रान्तिकारीका अध्यक्ष बन्धु चन्द, विद्यार्थीका फ्र्याक्सन इन्चार्ज कृष्ण अधिकारीलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

सम्मेलन उद्घाटन हुनुअघि हजारौँ विद्यार्थीहरूको र्‍यालीले घोराही बजारका विभिन्न भाग परिक्रमा गरेको थियो । संगठनका अध्यक्ष पूर्णबहादुर सिंहको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन लालबहादुर तामाङले गर्नुभएको थियो । कार्यक्रममा सामना कलाकार, विभिन्न विद्यालयका कलाकार विद्यार्थीहरू, जलजला सांस्कृतिक परिवारलगायतका विभिन्न कलाकारले आ-आफ्ना क्रान्तिकारी प्रस्तुति देखाएका थिए ।

फागुन २७ गते उद्घाटन भएको सो सम्मेलनको बन्दसत्र २९ गतेसम्म चल्नेछ, यो सम्मेलनले अखिल क्रान्तिकारीको नयाँ नेतृत्व चयन गर्दै सम्पन्न बताइएको छ ।

## दमनको विरोधमा ...

मानवअधिकारकर्मी रामदयाल ठाकुरलगायतले बोलेका थिए । सोही सभाबाट माओवादी केन्द्रका दुई जना जिल्ला सदस्यसहित २७ जना नेकपामा प्रवेश गरेका छन् । सभामा सहभागी हजारौँ स्थानीयहरूले सरकारद्वारा नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्तामाथि गरिएको प्रहरी दमन र हस्तक्षेपविरुद्ध नाराबाजी गरेका थिए । उनीहरूले नेकपाका महासचिव विप्लवसहितका नेताहरूलाई जारी गरेको वारेन्ट खारेज गरिनुपर्ने, जारी धरपकड र गिरफ्तारी तत्काल बन्द गरेर शान्तिपूर्ण राजनीतिक कार्यक्रम गर्न पाउनुपर्ने मागसमेत गरे ।

नेकपा रूपन्देहीले पनि बुटवलमा बृहद् जनप्रदर्शन गरेको छ । राजमार्ग चौराहदेखि सुरु भएको विशाल प्रदर्शन ट्राफिकचोकमा पुगेर सभामा परिणत भएको थियो । सभालाई सम्बोधन गर्दै नेकपा केन्द्रीय सदस्य एवं अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय अध्यक्ष संजीवकुमारले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा आफूहरू जीवनपर्यन्त लडिरहने बताए । उनले देश भ्रष्टाचारीहरूको अखडा भएको भन्दै त्यसका विरुद्ध पार्टीले एकीकृत जनक्रान्तिको माध्यमद्वारा आन्दोलन गरिरहेको बताए । कार्यक्रममा नेकपा रूपन्देहीका इन्चार्ज शरद ओलीले संसदीय व्यवस्था जनतालाई भोट बैंक बनाउने र जनताको पसिना चुस्ने व्यवस्था भएकोले यसबाट जनताको मुक्ति सम्भव नभएको बताए । सेक्रेटरी अमरले दलाल संसदीय राज्यसत्ताका विरुद्ध पार्टीले निरन्तर क्रान्तिका अगाडि बताएको बताए । क्रान्तिकारी जनपरिषद् रूपन्देहीका प्रमुख शिशिरले कथित चुनावपछि देश भ्रष्टाचारको रसातालमा पुगेको भन्दै कथित जनप्रतिनिधिहरूले तत्काल राजीनामा दिनुपर्ने बताए । अनेमसंघ क्रान्तिकारीका केन्द्रीय सदस्य एवं लुम्बिनी ब्युरो संयोजक कल्पना सुवेदीले एक्काइसौँ शताब्दीको युगमा पनि महिलाहरूमाथि निर्मम दमन र हिंसा हुनु दलाल राज्यसत्ताको उपज भएको भएको बताए । कार्यक्रमको अध्यक्षता जिल्ला सेक्रेटरी अमरले गरेका थिए । नाथु थारुले संचालन र जीतबहादुर रसाइलीले स्वागत भाषण गरेका थिए । त्यसैगरी नेकपा नवलपरासीले पनि जनप्रदर्शन गरेको खबर छ । प्रदर्शनपछिको सभालाई जिल्ला इन्चार्ज सुमन, नेताहरू डा. शिवशंकर बस्याल, रामप्रित हरिजन, पृथ्वी ढकालले सम्बोधन गरेका थिए ।

आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा
बस, सुमो तथा हाइस
सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिचैंया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप ।
सम्पर्क : ९८४११०६९६७, ९८४४०३१५९




## हामी संलग्न ...

आरोपमा सार्वजनिक रूपमा निर्घात कुटपिट गरिएको थियो । उक्त घटनामा जनप्रतिनिधिको हैसियतमा रहेर पनि मूकदर्शक बनेको र गैर-जिम्मेवार रहेको भन्ने मेयर चौधरीलाई आरोप लागेको छ । संचार माध्यममा अन्तर्वार्ता दिँदै मेयर चौधरीले त्यो आफ्नो काम नभएको प्रतिक्रियासमेत दिएका थिए । प्रहरीले ममताप्रसाद चौधरीमाथि गोली प्रहारमा संलग्नको आशंकामा नेकपा कैलालीका तीन नेतालाई गिरफ्तार गरेको हो । सुखखडस्थित आफ्नै घरमा सुतिरहेका कमल क्षेत्री, भरत शाहलाई टिकापुरस्थित घरैबाट सोमबार राती ३ बजेतिर गिरफ्तार गरेको थियो ।

## देशैभर मनाइयो ...

बेश्यालयहरूमा बेचिएका नेपाली चेलीहरूको अविलम्ब स्वदेश फिर्ता गरी सामाजिक रूपमा पुनर्स्थापना गर, बालिकाहरूमाथि हुने गरेका बलात्कारका पासविक घटनाको छानबिन गरी अपराधीलाई हदैसम्मको कारबाही गर, लगायतका नारासहितको र्‍याली शान्ति बाटिकाबाट सुरु भई पुरानो बसपार्क, सहिद गेट, सुन्धारा, न्युरोड गेट, वीर हस्पिटल हुँदै शान्तिबाटिकामा पुगेर सभामा परिणत भएको थियो । उक्त सभालाई नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सीपी गजुरेले यो शासक वर्गले जनताले लडेर ल्याएको अधिकारमाथि दमन गर्छ भने अब फेरि नेपालमा हतियार उठाउन बाध्य हुने बताएका छन् । नेता गजुरेलले पार्टी एकताका लागि अहिले संयुक्त कार्यगत एकता भएको यसका लागि कार्यकर्ताहरूलाई पनि अगाडि बढ्नसमेत निर्देशन दिएका छन् । नेकपाकी महिला नेतृ सरला रेग्मीले महिलाहरूमाथि असमान व्यवहार जारी रहेको बताएकी छन् । उनले महिला अधिकार पाउनको लागि आम उत्पीडित महिलाहरू एक भई संघर्षको मैदान अघि बढ्नुपर्ने समय आएको बताइन् । अतिथि वक्ताका रूपमा नेकपाका केन्द्रीय सदस्य आजादले पनि कार्यक्रमा बोलेका थिए । लक्ष्मी मुडभरीले अध्यक्षता गरेको उक्त सभाको सञ्चालन धिरेन्द्रा उपाध्याय 'भृकुटी' गरेकी थिइन् । यसैगरी अखिल नेपाल महिला संघ क्रान्तिकारी चितवनले १०८ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस कार्यक्रम सम्पन्न गरेको छ । भरतपुरको पारस बसपार्कबाट जिल्ला प्रशासन कार्यालय, निर्वाचन कार्यालय हुँदै हाकिमचोकको नमस्ते पार्टीमा सयौँ जनताका जुलुससहितको कार्यक्रममा प्रमुख अतिथिको रूपमा संगठनकी केन्द्रीय सचिव सविता तामाङ सहभागितामा सम्पन्न भएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख तामाङले वैज्ञानिक समाजवाद स्थापनाको विषयसँग पनि जोडिने भएकाले अनिवार्य संसारभरका श्रमिक-उत्पीडित महिलाहरूले आफ्नो समान अधिकारका लागि पुँजीवादको अन्त्य वा ध्वंसको विषयसँग पनि जोडेर हेर्नु-बुझ्नु अनिवार्य रहेको बताइन् । नेतृ तामाङले सम्पूर्ण महिला पुँजीवादको अन्त्यका लागि एकताबद्ध हुँदै वैज्ञानिक समाजवादी व्यवस्थाका लागि संघर्षमा होमिन पनि अपील गरेकी छन् । अतिथिहरूमा चितवन इन्चार्ज लालबहादुर बिसी, सेक्रेटरी ध्रुव खड्कालगायत रहेका छन् । सभाध्यक्षमा संगठनकी केन्द्रीय सदस्य रेखा, सञ्चालन सिसम शाहीले गरेकी छन् । यसैगरी, अखिल नेपाल महिला संघ क्रान्तिकारी राप्ती ब्युरोको आयोजनामा रोल्पाको थबाङमा १०८ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस बिहीबार सम्पन्न भएको छ । अखिल नेपाल महिला संघ क्रान्तिकारीका केन्द्रीय अध्यक्ष बन्धु चन्दको प्रमुख आतिथ्यता रहेको सो कार्यक्रममा सोही संगठनका केन्द्रीय उपाध्यक्ष सम्झना घर्ती र नेपाल कम्युनिस्ट पार्टीका रोल्पा जिल्ला सेक्रेटरी प्रयासको विशिष्ट आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि चन्दले जनयुद्धमा ठूलो बलिदानी दिएका महिलाहरूले पूर्ण मुक्ति नपाएको औँल्याउँदै निरन्तर क्रान्ति बिना महिला मुक्ति सम्भव नरहेको बताउनुभयो । एकीकृत जनक्रान्तिले मात्र देशका सबै खालका समस्या हल गर्ने बताउँदै अध्यक्ष चन्दको भनाइ थियो । एकाध महिलाको वर्ग-उत्थान र हैसियतमा रूपान्तरण हुँदैमा समग्र महिलाको अवस्था रूपान्तरण भयो, हास्यास्पद हुने तर्क गर्नुभयो । अखिल नेपाल महिला संघ क्रान्तिकारीका केन्द्रीय सदस्य हेमन्ता बुढाथोकीको अध्यक्षता रहेको कार्यक्रमको संचालन अर्का केन्द्रीय सदस्य जानकी दहितले गर्नुभएको थियो । कार्यक्रममा स्थानीय कलाकारहरूले गाजाबाजासहित झाँकी प्रदर्शन गरेका थिए । त्यसैगरी, अनेम संघ क्रान्तिकारी कोशी ब्युरो समन्वय समितिको आयोजनामा १०८ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको कार्यक्रम सुनसरीको इटहरीमा सम्पन्न भएको छ । सयौँ महिलाहरूको सहभागितामा र्‍यालीसहित इटहरीको मुख्य चोक परिक्रमा गरी सभामा परिणत भएको कार्यक्रमलाई संगठनको केन्द्रीय सचिवालय सदस्य तथा कार्यक्रमको प्रमुख अतिथि मनु अछामीले सम्बोधन गर्नुभयो । अछामीले ८ मार्च अर्थात् अन्तर ाष्ट्रिय श्रमिक महिला दिवसको ऐतिहासिकताको बारेमा चर्चा गर्दै नेपालको सन्दर्भमा यतिबेला यो दिवसलाई महिला मुक्तिका लागि संघर्षको रूपमा आत्मसात् गर्नुपर्नेमा जोड दिनुभयो । श्रमिक महिला दिवस समाजवादी महिला आन्दोलनले संस्थागत गरी स्थापित गरेको हुँदा यस दिनलाई पुँजीवादी एवं दलाल पुँजीवादी राज्यव्यवस्थाले श्रमिक महिला दिवसको मर्मलाई सम्बोधन गर्न सक्दैन ! त्यसैले यसलाई वैज्ञानिक समाजवादी राज्य सत्ताले मात्रै संसारका उत्पीडित महिलाहरूको हक र अधिकारलाई सुनिश्चित गर्न सक्ने बताउनुभयो । साथै, नेपाल कम्युनिस्ट पार्टीमाथि यो सरकारले सुरु गरेको दमन बन्द गर्न अपील गर्दै घोर भत्सर्ना गर्नुभयो । दमनबाट प्रतिरोध संघर्ष निम्त्याउने र प्रतिरोधले क्रान्ति जन्माउने चेतावनी दिनुभयो । कार्यक्रमलाई केस खड्गा राईले संचालन गर्नुहुँदै वैज्ञानिक समाजवाद अबको हाम्रो बाटो भएको कुरा राख्नुभयो । कार्यक्रममा सुनिता राईले स्वागत मन्तव्य राख्नुभयो भने केन्द्रीय सदस्य तथा मोरङ अध्यक्ष जमुना भण्डारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भयो । यसैगरी अखिल नेपाल महिला संघ क्रान्तिकारी कैलालीद्वारा आयोजित १०८ औँ अन्तर्राष्ट्रिय नारी दिवस टिकापुरमा सुरु भएको समाचार प्राप्त भएको छ । यसैगरी, अखिल नेपाल महिला संघ क्रान्तिकारीको आयोजनामा सुनसरीको इटहरीचोकमा कार्यक्रम सम्पन्न गरेको छ । बिहीबार १०८ औँ अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा नाराजुलुससहित कायर्क्रम सम्पन्न गरेको हो ।

## सुर्खेती क्रान्तिकारी ...

प्रारम्भिक वर्गसंघर्षका कार्यक्रमलाई स्थापित गर्न ठूलै भूमिका खेल्यो । २०५०/२०५१ र जनयुद्ध सुरु हुनुभन्दा अघिसम्म शिक्षा क्याम्पस, बहुमुखी क्याम्पसहरूमा विद्यार्थीसँग अन्तरक्रिया, छलफल, बहस र संगठन निर्माणका अभियानहरू तीव्र रूपले चलेका थिए । कलेजका विद्यार्थीहरूका पिकनिक कार्यक्रहरू पनि गरिए र छोटै समयमा स्व.वि.युमा हाम्रो विद्यार्थी संगठनले प्रतिस्पर्धा पनि गर्‍यो ।

२०५१ सालतिर अवलचिङ्ग सांस्कृतिक परिवारले जिल्लाव्यापी रूपमा सांस्कृतिक र भण्डाफोर अभियान चलायो विशेष गरेर पूर्वी भेरी वेल्टमा । त्यो सांस्कृतिक टिममा हिमाल, दान सिंङ्ग, शंकर नेपालीलगायतको भाइ बहिनीहरूको सशक्त टोली थियो जसलाई नेपालगंजका डान्स कलाकारले सुर्खेत भ्यालीभित्र तीनकुनेको एउटा किसानको घरमा राती-राती महिनौँ लगाएर तालिम दिएका थिए । पूर्वी भेरी बेल्टमा भरत प्रसाईं र चित्रबहादुर वली धेरै सक्रिय थिए । एउटा रोचक सांस्कृतिक अभियानको घटना पूर्वी भेरी बेल्टको धेरै ठाउँको कार्यक्रम सकेर रामघाटको चित्रबहादुर वलीको घर नजिकैको स्कुलमा सांस्कृतिक कार्यक्रम राखिएको थियो । कार्यक्रमको मध्यभागतिर एमालेका कार्यकर्ताहरूले जाँडरक्सी खाएर आक्रमण गरे र माइकलगायत वाद्यवादनका सामानहरू तोडफोड गरे र चित्रबहादुर वलीलाई लड्न आइज भनेर खुल्ला हाँक दिइरहेका थिए जब कि चित्रजी उनीहरूकै बीचमा उभिरहनुभएको थियो तर उहाँलाइ केही गर्न सकिरहेका थिएनन । अरू सबै भागाभाग गरे र मैले एम्पिलीफायर र ब्याट्री हुलहालको बीचबाट जोगाएको थिए । ब्याट्रीको एसिड मेरो नयाँ पैन्टमा पोखिएर काम नलाग्ने भएको थियो । त्यो घटनालाई लिएर सं.ज.मो.ले अदालतमा मुद्दा दायर गर्‍यो र करिब एक-डेढ वर्षपछि सं.ज.मो.को पक्षमा फैसला गरेको थियो । २०५१ र २०५२ को वर्षैभरि सं.ज.मो.को तर्फबाट आन्दोलनका कार्यक्रम घोषणा भयो र जिल्लामा ती सबै कार्यक्रमलाई सम्पन्न गरिए र सांस्कृतिक कार्यक्रमअन्तर्गत केन्द्रीय सामना परिवार र स्थानीय सांस्कृतिक टिमको संयुक्त रूपबाट टिकट सो कार्यक्रम भव्यरूपमा सफल भए । एकाध कार्यक्रममा मणि थापा पनि सहभागी भएका थिए । कलाकार कन्हैया सिंह परियार र अन्जना गुरुङ्गहरूले समग्र भेरी-कर्णाली क्षेत्रको र सुर्खेतको सांस्कृतिक अभियान र टिकट सो कार्यक्रम र त्यहाँको आन्दोलन र वर्गसंघर्षलाई नयाँ उचाइमा उठाउन अग्रणी भूमिका खेलेका थिए । महान् जनयुद्धको पहलकदमीको सन्दर्भमा रोल्पा, रुकुम, जाजरकोट, सिन्धुलीलगायतका अग्रभागका जिल्लाहरूमा सामन्त र जालीफटाहाका विरुद्ध वर्गसंघर्ष सुरु भइसकेको थियो । लडाकु टिमहरूले सेनाको भ्रुणको रूपमा विकास गरिरहेका थिए र त्यसका तालिम प्रशिक्षणहरू देशैभरि संचालन र व्यवस्थापन भइरहेका थिए । क्रमशः ...

# क्रान्तिकारी पत्रकारको सम्मेलन तीव्र

काठमाडौँ : प्रधानमन्त्री खड्क ओली नेतृत्वको सरकारले निष्पक्ष तथा जनपक्षीय रूपमा गर्दै कलम चलाउँदै आइरहेका पत्रकारहरूमाथि गिरफ्तारी बढाइरहेको बेला क्रान्तिकारी पत्रकार संगठन, नेपालले देशैभरि आफ्नो संगठनको सम्मेलन तीव्र पारेको छ । यसैबीच काठमाडौँ जिल्लाको दोश्रो सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले करन बडालको नेतृत्वमा ३५ सदस्यीय कार्यसमिति चयन गरेको छ । त्यस्तै, उपाध्यक्षमा शैलेश डंगोल, सचिवमा सुरज प्याकुरेल, सहसचिव केशव भुल र कोषाध्यक्ष शम्भु दंगाल रहेका छन् । कार्यक्रममा नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखरेल, क्रान्तिकारी पत्रकार संगठन नेपालका केन्द्रीय अध्यक्ष प्रभात चलाउने र नेकपा काठमाडौँ सेक्रेटरी भृकुटीलगायतका अतिथिहरूको उपस्थिति थियो । ययैगरी, क्रान्तिकारी पत्रकार संगठन, नेपाल ललितपुरको दोश्रो सम्मेलन सम्पन्न भएको छ । आइतबार भएको सम्मेलनले विनोद श्रेष्ठको नेतृत्वमा २५ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ । त्यस्तै, उपाध्यक्षमा रामप्रसाद घिमिरे, सचिवमा मीना भट्टराई, सहसचिव हुमकला मिश्र र कोषाध्यक्ष अनिता परियार रहेका छन् । कार्यक्रममा क्रान्तिकारी पत्रकार संगठन नेपालका केन्द्रीय अध्यक्ष प्रभात चलाउने र नेकपा ललितपुर सेक्रेटरी विपिन, जन्मदेव जैसीलगायतका अतिथिहरूको उपस्थिति रहेको थियो । यसैगरी, क्रान्तिकारी पत्रकार संगठन नेपाल नवलपरासीको जिल्ला सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले शिव डुम्रे अध्यक्षमा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ । संगठनको सचिवमा प्रतीक्षा उपाध्याय रहेका छन् । सदस्यहरू धनीराम चौधरी, नैना क्षेत्री, सिद्धिचरण गुप्ता, विकास आचार्य, अस्मिता गैरेलगायत रहेका छन् । सम्मेलनको उद्घाटन संगठनका केन्द्रीय सदस्य तथा लुम्बिनी ब्युरो संयोजक प्रकाश डुम्रेले गरेका थिए । सो क्रममा उनले राज्यपक्षबाट नै आस्थाको आधारमा कलमजीवी पत्रकारहरूमाथि धरपकड हुने क्रम बढेको भन्दै त्यस्तो कार्य बन्द गर्न आग्रह गरे । सम्मेलनमा नेकपाका जिल्ला इन्चार्ज सुमन ज्ञवाली, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य पुरुषोत्तम सुवेदी, नेपाल पत्रकार महासंघ नवलपरासीका उपाध्यक्ष हरि शर्मा, वरिष्ठ पत्रकार डा. शिवशंकर बस्याल, प्रेस चौतारीका जिल्ला अध्यक्ष केशव पराजुली लगायतले संबोधन गरेका थिए । यसैगरी क्रान्तिकारी पत्रकार संगठन, नेपाल भक्तपुर जिल्लाको पहिलो सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले रामजी भुसालको नेतृत्वमा ११ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ । उपाध्यक्षमा सन्तोष बलम्पाकी, सचिवमा अमृत पाण्डे र सहसचिवमा कमल थापा रहेका छन् । कार्यक्रममा क्रान्तिकारी पत्रकार संगठन नेपालका केन्द्रीय अध्यक्ष प्रभात चलाउने र नेकपा भक्तपुर सेक्रेटरी कुशल बोगटी र उपत्यका संयोजक जन्मदेव जैसीलगायतका अतिथिहरूको उपस्थिति रहेको थियो ।

# उदयपुर-काठमाडौँ समाज सेवाको सम्मेलन

काठमाडौँ : जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति, नेपालअन्तर्गत उदयपुर काठमाडौँ समाज सेवाको प्रथम सम्मेलन सम्पन्न भएको छ । 'उदयपुर-काठमाडौँ काठमाडौँ समाज सेवा तपाईं हाम्रो हकहितका लागि सहभागी हौँ । हातेमाले गर्दै अगाडि बढौँ ।' भन्ने मूल नाराका साथ फागुन २६ गते काठमाडौँको पानीपोखरीमा उक्त सम्मेलन सम्पन्न भएको हो । सम्मेलनले सुवास राईको नेतृत्वमा २३ सदस्यीय कार्यसमिति गठन गरिएको छ । कार्यसमितिका उपाध्यक्षहरू मिनु सुनुवार राई, प्रेम सारु मगर, उपेन्द्र राई, महासचिवमा जुनु राई, सचिवहरूमा विदुर कार्की, प्रेमबहादुर मगर, कोषाध्यक्षहरूमा राजेश शाक्य, कमल मगर, करन गिरी, कपन लामा, गणेश राई, प्रविण महर्जन, सीता थापा, चन्द्रकुमार राई, शारदा अधिकारी, सीता श्रेष्ठ, मेनुका लामिछाने, नन्दबहादुर राई, हिमाल परियार, कुमार बास्तोलालगायत रहेका छन् । सम्मेलनले शिव राईको संयोजकमा ३ सदस्यीय सल्लाहकार समिति पनि संगठन गरिएको छ । सदस्यहरू हेम चाम्लिङ र चतुरमान राई छन् । प्रमुख अतिथिको रूपमा रहेको जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समति, नेपालका उपाध्यक्ष सुरेश अधिकारीले निर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिँदै पार्टीको एकीकृत जनक्रान्तिको कार्यदिशालाई थप उचाइमा पुर्‍याउन यस समाजले महत्वपूर्ण भूमिका रहने विश्वास व्यक्त गरेका छन् । कार्यक्रमको अध्यक्षता सुवास राई, सञ्चालन जुनु राईले गरेकी थिइन् ।

## पार्टी एकताका आधार ...

बन्यो, अर्कोतिर बादल-गुरुङबाट क. किरणले भयानक धोका व्यहोर्नुपर्‍यो । यो एउटा समस्या छ ।

३. **माओवादको प्रश्न** – हामी विश्व कम्युनिस्ट आन्दोलनमा माओका योगदान ठीक छन् कि छैनन् ? माओवाद कि विचारधारा ? भन्ने बहस चलाउने पक्षमा छैनौँ । २०४८ सालमा भएको 'एकता महाधिवेशन (छैठौँ महाधिवेशन) ले थान्को लगाएको विषय हो । त्यस विषयमा क. किरणसँग हाम्रो समान धारणा छ ।

४. **जनयुद्धको मूल्याङ्कन** – जनयुद्धको नेतृत्व, घटना-प्रक्रिया र त्यसको सरकार-नकारको विषमा बहस चल्न सक्छ । तर जनयुद्ध ठीक थियो कि थिएन ? जनयुद्ध सुरु गर्नु ठीक थियो कि थिएन ? हामी बहसमा त के सुन्न पनि चाहन्नौँ । क. किरण र हाम्रो बीचमा त्यस विषयमा पनि समान धारणा छ ।

५. **भावनात्मक पक्ष** – क. किरणलाई हाम्रो विषयमा दुईवटा भ्रमहरू थिए अथवा बादल - गुरुङ मण्डलीले आफ्नो सत्ता-स्वार्थलाई ढाकछोप गर्न त्यो आरोप क. विप्लवलाई थोपरेका थिए । किरण त्यसबाट प्रभावित हुनुहुन्थ्यो । बादल र गुरुङसँगको लामो सहकार्य तथा सहयोगका कारण क. किरणमा उनीहरूप्रति अधिभूतवादी धारणा विकास भएको थियो । क्रान्तिको कुरा गर्दा युवाहरूले कतै दुस्साहस गर्छन् कि ? भुङ्ग्रोमा धकेल्छन् कि ? भन्ने थियो । हामीमा क. किरण र क. गौरवप्रति आधारभूत विषयमा भ्रम थिएन र छैन । विचारधारात्मक एकताले भावनात्मक एकता पैदा गर्छ । दुई पार्टीका बीचमा पछिल्ला घटनाले भावनात्मक एकता पैदा गरेको छ ।

६. **वस्तुगत दबाब** – सामाजिक दलाल पुँजीवादको विचारधारात्मक चुनौती र भयानक प्रतिक्रान्तिको सामाना गर्न क्रान्तिकारीहरूका बीचमा ध्रुवीकरण आजको वस्तुगत आवश्यकता हो । त्यसलाई बुझ्न नसक्नेहरूलाई समयले कुनातिर धकेल्नेछ । यो वस्तुगत दबाब पार्टी एकताको आधार हो ।

यी यस्ता कारणले आज नेकपा र क्रान्तिकारी माओवादीका बीचमा पार्टी एकता तथा ध्रुवीकरणको बहस चलिरहेको छ । त्यसका लागि समस्याहरू छन् । समस्याहरूका पछाडि समाधान पनि हुन्छन् ।

# नेकपाद्वारा दुर्घटनाप्रति दुख व्यक्त



■ रातो खबर संवाददाता/

काठमाडौं : नेपाल कम्युनिस्ट पार्टीले २८ गते भएको विमान दुर्घटनाप्रति दुख व्यक्त गरेको छ। नेकपाका प्रवक्त एवं स्थायी समिति सदस्य प्रकाण्डले २९ गते एक वक्तव्य सार्वजनिक गर्दै उक्त कुरा व्यक्त गर्नु भएको छ। उहाँले भन्नु भएको छ" यही फागुन २८ गतेका दिन बंगलादेशबाट नेपालका लागि उडेको युएस बंगला २११ को विमान अन्तर्राष्ट्रिय विमान स्थलमा अवतरणका क्रममा दुर्घटना ग्रस्त हुँदा वरिष्ठ न्युरो सर्जन डाक्टर बालकृष्ण थापालगायत २२ जना नेपालीसहित ४९ जना यात्रुको मृत्यु हुनाका साथै, २२ जना गम्भीर घाइते हुन पुग्नुभएको छ। यस दुःखद् घटनामा निधन हुनुभएका सबैप्रति हाम्रो पार्टी हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ। परिवारजनमा संवेदना व्यक्त गर्दछ। साथै, सबै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।" उक्त वक्तव्इमा उहाँले दुर्घटनामा घाइते सबैको शिघ्र र उपयुक्त उपचारको माग पनि गर्नु भएको छ। उहाँले भन्नु भएको छ"घाइतेहरूको शीघ्र र उपयुक्त उपचारको व्यवस्था गर्न सरकारसँग जोडदार माग गर्दछ।"

यसरी दुर्घटना हुनुको मुख्य कारण राज्य प्रणाली भएको भन्दै प्रकाण्डले भन्नु भएको " नेपालमा हवाई दुर्घटना भइराखेको छ। यसरी दुर्घटना हुनुको मुख्य कारण, प्राविधिक भन्दै गरेर यो संसदीय सत्तालाई चोख्याउने काम गर्रिँदै आइएको छ। यसमा कुनै सत्यता रहेको छैन। यसरी नेपालमा हुने हवाई, सडक दुर्घटनाको मुख्य जिम्मेवार यो दलाल संसदीय राज्य प्रणाली हो। राज्य वैज्ञानिक र व्यावहारिक नभएका कारण यस्ता दुर्घटना हुने गर्दछन्। राज्य प्रणाली ठीक नभएपछि उसले बनाएका संरचनाहरू पनि व्यवस्थित हुँदैनन्।" प्रकाण्डले अगाडि भन्नु भएको छ "त्यसैले हाम्रो पार्टीले यो राज्यव्यवस्थालाई पूर्णरूपले ध्वस्त गरी वैज्ञानिक समाजवादी नीतिमा आधारित राज्यप्रणालीको स्थापनाका लागि निरन्तर संघर्ष गर्दै आएको छ। यसरी वैज्ञानिक समाजवादी नीतिमा आधारित राज्यप्रणालीको स्थापनाको संघर्षलाई सहयोग, समर्थन र सहभागिताका लागि अनुरोध र अपील गर्दै आएको छ।"

२०७४ फागुन २९ गते अपरान्ह ६ ३१ मा प्रकाशित

संसारका श्रमजीवीहरु एक होऔं ! मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal
केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No. :-
चलानी नं./Regd.No. :-

**विषय प्रेश विज्ञप्ती**

यही फागुन २८ गतेका दिन बंगलादेशबाट नेपालका लागि उडेको युएस बंगला २११को विमान अन्तर्राष्ट्रिय विमान स्थलमा अवतरणका क्रममा दुर्घटना ग्रस्त हुँदा वरिष्ट न्युरो सर्जन डाक्टर बालकृष्ण थापा लगायत २२ जना नेपाली सहित ४९ जना यात्रुको मृत्यु हुनाका साथै २२ जना गम्भीर घाइते हुन पुग्नु भएको छ। यस दुखद् घटनामा निधन हुनुभएका सबैप्रति हाम्रो पार्टी हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ। परिवारजनमा समवेदना व्यक्त गर्दछ। साथै सबै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ। घाइतेहरुको शिघ्र र उपयुक्त उपचारको व्यवस्था गर्न सरकारसँग जोडदार माग गर्दछ।

नेपालमा हवाई दुर्घटना भैराखेको छ। यसरी दुर्घटना हुनुको मुख्यकारण, प्राविधिक भन्दै गरेर यो संसदीय सत्तालाई चोख्याउने काम गरिदैँ आइएको छ। यसमा कुनै सत्यता रहेको छैन। यसरी नेपालमा हुने हवाई, सडक दुर्घटनाको मुख्य जिम्मेवार यो दलाल संसदीय राज्य प्रणाली हो। राज्य वैज्ञानिक र व्यावहारिक नभएका कारण यस्ता दुर्घटना हुने गर्दछन्। राज्य प्रणाली ठीक नभएपछि उसले बनाएका संरचनाहरु पनि व्यवस्थित हुदैनन्।

त्यसैले हाम्रो पार्टीले यो राज्य व्यवस्थालाई पूर्णरुपले ध्वस्त गरी वैज्ञानिक समाजवादी नीतिमा आधारि राज्य प्रणालीको स्थापनाका लागि निरन्तर संघर्ष गर्दै आएको छ। यसरी वैज्ञानिक समाजवादी नीतिमा आधारित राज्य प्रणालीको स्थापनाको संघर्षलाई सहयोग, समर्थन र सहभागि रहन अनुरोध र अपील गर्दै आएको छ।

प्रकाण्ड
प्रवक्ता
२०७४ फागुन २९

# प्राध्यापकको छैठौं बैठक सम्पन्न

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष डा. मोहन खतिवडाको अध्यक्षतामा बैठक बसी आगामी २०७५ साल जेठ २५, २६ गते पाँचौं राष्ट्रिय सम्मेलन बुटवलमा गर्ने निर्णय गर्दै बैठक सम्पन्न भएको छ। एकीकृत जनक्रान्तिको कार्यदिशालाई विकास गरी वैज्ञानिक समाजवाद स्थापनामा प्राध्यापकहरूले विशेष योगदान गर्ने बेला आएको भन्दै पोलिटब्युरो सदस्य तथा जवस ब्युरो इन्चार्ज जीवन्तले देशभरका प्राध्यापक संगठित हुनुपर्ने बताएका छन्। सो सम्मेलन भौतिक व्यवस्थापन डा. शिवशंकर बस्याललाई जिम्मा दिइएको छ। बैठक सञ्चालन निवर्तमान महासचिव हिमलाल पराजुलीले गरेको थियो भने स्वागत मन्तव्य डा. भगवानचन्द्र ज्ञवालीले गरेका थिए।

# काठमाडौँमा रोल्पालीहरू संगठित

■ रातो खबर संवाददाता/काठमाडौं

रोल्पा-काठमाडौं जनगणतान्त्रिक सम्पर्क मञ्च गठन भएको छ। बुधबार काठमाडौंमा भएको भेलाले रणबहादुर पुनमगरको संयोजकत्वमा ९ सदस्यीय कार्यसमिति गठन गरिएको छ। कार्यक्रममा मगर मुक्ति मोर्चाका महासचिव इन्द्रकुमार घर्तिमगरको प्रमुख र जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय कार्यलय सचिव पुर्ण श्रेष्ठको आतिथ्यमा सम्पन्न भएको हो। रोल्पा घर भई काठमाडौंमा अस्थायी वा स्थायी रूपमा बसोबास गर्ने रोल्पालीहरूको संगठित भई परोपकारी सेवा गर्नका लागि सम्पूर्ण उपत्यकाबासीहरूलाई भेला गराई सम्मेलन गर्ने संयोजक रणबहादुर पुनमगरले बताएका छन्।

## महिला हिंसाका ...

महिला दिवसमा मन्तव्य दिंदै उक्त भनाइ राख्नुभएको हो। यसैबीच कार्यक्रममा मन्तव्य राख्दै महिलाहरूको हक अधिकार दलाल राज्यसत्ता र पुरुषप्रधान समाजको दोहोरो तरहले थिचोमिचोमा पारिएको र श्रमजीवी महिलाको बारेमा राज्यले र दलाल समूहले जतिसुकै महिला मुक्तिको आवाज बुलन्द गरे पनि उनीहरूको उक्त आवाज विदेशी डलर कुम्ल्याउने आशय हुदाँ महिलाहरूको आफ्नो हक-अधिकार गुमेको कारण नयाँ संकल्प गर्दै अगाडि बढ्न संगठित भएर लाग्नुपर्ने बताउनुभएको थियो। यस्तै, राज्यको प्रमुख ठाउँमा पुगेका महिलाहरूलाई इंगित गर्दै उहाँले भन्नुभयो, "राज्यको जुनसुकै निकायमा महिला पुगे पनि महिलाहरूको स्थिति नाजुक बन्दै गएको छ र दिनहुँ बलात्कार, बोक्सीप्रथा र छाउजस्ता अमानवीय घटना दिनदिनै आइरहने गर्दछ, यसको कारण दलाल राज्यले महिलाहरूलाई प्रयोग गरी महिलामाथि दमन र उत्पीडनमा राख्ने आशय हो।"

यस्तै, कार्यक्रममा बोल्दै अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय कोषाध्यक्ष प्रतिमा गहतराजले गाउँ-गाउँमा महिलाहरूलाई अलमलाएर पुँजीवादीहरूले भ्रममा पारी विभिन्न बैंक तथा वित्तीय संस्था वा सहकारीहरूले महिलामाथि उत्पीडन थपी महिलामाथि शोषण, दमन गर्दै उठ्नै नसक्ने गरी फसाइरहेको आरोप लगाउनुभएको थियो। यसरी नयाँ-नयाँ तरिकाले महिलाहरूलाई फसाइरहेको हुँदा यो राज्यसत्ता र दलालहरू विरुद्ध, आफूमाथि भएको उत्पीडनको विरुद्ध नयाँ तरिकाले सोच्दै संगठित हुँदै अगाडि बढ्नुपर्ने बताउनुभयो।

पोखराको जनप्रिय क्याम्पस पोखरामा अखिल नेपाल महिला संघ क्रान्तिकारीकी ब्युरो संयोजक अन्जु हमालको अध्यक्षतामा नेकपा केन्द्रीय सदस्य एवं गण्डक ब्युरो इन्चार्ज सावित्रा दुराको प्रमुख अतिथ्यतामा भएको कार्यक्रममा अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय कोषाध्यक्ष प्रतिमा गहतराज र गण्डक ब्युरो सदस्य तथा कास्की जिल्ला इन्चार्ज कृष्ण वाग्लेलगायत विभिन्न जनवर्गीय संगठनका प्रतिनिधिहरू साथै, महिलाहरूको उल्लेखनीय उपस्थितिसहित भव्यताका साथ सम्पन्न गरेको थियो।

हामीकहाँ सस्तो र सुलभ मूल्यमा सेवा प्रदान गरिन्छ।
प्रो दीपक शेरचन
मीनबहादुर शेरचन स्टोर्स
सभागृहचोक, पोखरा
फोन : ०६१-५२०११९, ०६१-५२४३०२

भरपर्दो र सुरक्षित वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस्
Saroj Kumar Pokharel
MD/CEO
M: +977 9851032822 (Nepal)
+974 55479191 (Qatar)
E: saroj@niwidaconcern.com
niwida@gmail.com
www.niwidaconcern.com
Govt. Lic. No.: 711/064/065
Niwida
Niwida Concern (P) Ltd.
P.O.Box: 6624, Sinamangal, Kathmandu, Nepal
T +977-1-4111192 F +977-1-4111193 E info@niwidaconcern.com

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
सस्पेन्सन बृज डिभिजन
पुल्चोक, ललितपुर



झोलुङ्गे पुलको उचित उपयोग गरौं।
झोलुङ्गे पुल राष्ट्रिय सम्पति हुन, दिलै देखि संरक्षण गरौं।
नियमित मर्मत सम्भार आफुले पनि गरौं र पुल हेरालुलाई पनि गर्न लगाऔं।

निर्देशक : गुणराज लोहनी, प्रवन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौं, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं